जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक २३१ • २०८१ साल माघ ३ गते विहीबार (16 January, Thursday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मुख्यमन्त्रीको पुतला दहन

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमारसिंहको जनकपुरधाममा पुतला दहन गरिएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबीच उत्पन्न विवादका कारण मुख्यमन्त्री सिंहको पुतला दहन गरिएको छ ।

प्रदेशस्थित स्वास्थ्य मन्त्रालयको अधिकार क्षेत्रभित्र पर्ने काममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले हस्तक्षेप गरेको भन्दै बुधबार नेकपा एमाले समर्थित राष्ट्रिय युवा संघले विरोध प्रदर्शन गरेको छ । उनीहरुले मुख्यमन्त्री सिंहको पुतला दहन गर्दै नाराबाजी गरेका थिए ।

केही महिना अघि पटकपटक सरुवा गर्दा पनि सरकारलाई अटेर गरेको भन्दै तत्कालीन प्रयोगशाला निर्देशक श्रवण मिश्रलाई हटाएर कुमार मृत्युञ्जय प्रसादलाई स्वास्थ्य मन्त्रालयले निमित्त निर्देशकको जिम्मेवारी दिएको थियो । सोही पदमा दुई दिन अघि प्रणव यादवलाई मुख्यमन्त्री कार्यालयले जिम्मेवारी तोकेर पठाइदिएपछि विवाद उत्पन्न भएको छ ।



गत पुस २८ गतेको दिन मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका शाखा अधिकृत मिथिलेश कुमार महतोले यादवलाई अर्को व्यवस्था नभएसम्मका लागि भन्दै प्रयोगशालाको निमित्त निर्देशकको रुपमा काम गर्न जिम्मेवारी सहित पत्र दिएका थिए । सो पत्रको आधारमा यादव उक्त प्रयोगशालामा २९ गते हाजिर भए ।

तर २९ गते नै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रयोगशालालाई पत्र लेख्दै मुख्यमन्त्री कार्यालयको पत्र लिएर गएका यादवलाई हाजिर हुन नदिन पत्र नै लेखेको थियो । मन्त्रालयका निमित्त प्रदेश सचिव राजेश कुमार मिश्रले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलाई बोधार्थ दिँदै प्रयोगशालालाई लेखेको पत्रमा भनिएको छ, 'प्रयोगशाला दरबन्दी विवरणमा यादवको सेवा, समूह र पदको दरबन्दी रिक्त नदेखिएकोले उनलाई अर्को व्यवस्था नभएसम्मका लागि हाजिर नगराई सम्बन्धित कार्यालयमा फिर्ता पठाउन हुन मन्त्रिस्तरीय निर्णय अनुसार अनुरोध छ ।'

त्यसलगत्तै मन्त्रालयले प्रदेश लेखा नियन्त्रकको कार्यालयलाई समेत पत्र लेखेर मुख्यमन्त्री कार्यालयबाट जिम्मेवारी तोकिएको भनिएको प्रणव यादवको नाममा जनस्वास्थ्य प्रयोगशालाको खाता सञ्चालन गर्न नदिन पत्राचार गरेको छ ।

यता यादवले आफू मुख्यमन्त्री कार्यालयको पुस २८ गतेको पत्रबाट २९ गते प्रयोगशालामा हाजिर भइसकेको व्यहोराको पत्र मुख्यमन्त्री कार्यालयमा पठाएका छन् ।

तर प्रयोगशालाका कर्मचारीहरुले भने आर्थिक वर्षको आधा समय अर्थात ६ महिना बितिसक्दा पत्र संख्या १ उल्लेख गरी यादवले प्रयोगशालाको नामबाट मुख्यमन्त्री कार्यालयलाई लेखेको हाजिर भइसकेको व्यहोराको पत्र नै फर्जी भएको जिकिर गरेका छन् ।

मन्त्रालयको अधिकार क्षेत्र मुख्यमन्त्री कार्यालयले मिचेको भन्दै स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन सिंहले असन्तुष्टि जनाएका छन् ।

### अलमलमा जनमत

## विपक्षी दलको बैठकमा सीके राउत जोडिने संकेत

**टुडे समाचारदाता**

काठमाण्डु । सत्तारुढ जनमत पार्टीलाई पनि विपक्षी दलहरूको बैठकमा सहभागी गराउने प्रयास सकारात्मक रुपमा अघि बढेको जनाइएको छ । संयुक्त वक्तव्य सार्वजनिक गर्नेगरी बिहीबार पनि विपक्षी दलहरूको बैठक बस्दैछ ।

काठमाण्डुमा बुधबार बसेको विपक्षी दलहरूको बैठकमा अन्य साना दलहरूलाई पनि समेट्ने प्रयास भइरहेकोबारे नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपालले जानकारी गराएका छन् । सो बैठकमा सहभागी एक नेताले जनाए अनुसार नेपाल मजदुर किसान पार्टी, जनमोर्चा, जनमत पार्टी, जनता समाजवादी पार्टी, लगायतका दलहरूलाई विपक्षी मोर्चामा सहभागी गराउने पहल सकारात्मक रुपमा अघि बढिरहेको पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले संकेत गरेका छन् । अध्यक्ष नेपालको भनाइ उद्धृत गर्दै ती नेताका अनुसार जनमत पार्टीका अध्यक्ष राउत विपक्षी दलहरूको बैठकमा सहभागी हुने कुरामा सकारात्मक छन् ।

तर, मधेश प्रदेश सरकारको नेतृत्व आफ्नै पार्टीले गरिरहेका कारण उनी अलमलमा पनि देखिएको ब्रिफिङ अध्यक्ष नेपालले गरेका थिए ।

उनले भने, 'सीके राउतजी पनि सकारात्मक हुनुहुन्छ,' नेपालको भनाइ उद्धृत गर्दै ती नेताले भने, 'तर मधेशमा आफ्नो पार्टीबाट मुखयमन्त्री भएकाले अलमलमा देखिनुहुन्छ ।'

> मधेश प्रदेश सरकारको नेतृत्व आफ्नै पार्टीले गरिरहेका कारण उनी अलमलमा पनि देखिएको ब्रिफिङ अध्यक्ष नेपालले गरेका थिए ।

सो बैठकले प्रतिपक्षी दलहरूले सरकारले साना दलको आवाज कमजोर पार्न थ्रेसहोल्ड बढाउन खोजेको निष्कर्ष निकालेका छ । विपक्षी ६ दलको बैठकले सरकारले दुई दलीय व्यवस्थातिर देशलाई लैजान खोजेको निष्कर्ष निकालेको नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले बताए ।

पूर्वमन्त्रीसमेत रहेका पुनले भने, 'दलसम्बन्धी विधेयकमा थ्रेसहोल्ड बढाउने तयारी भइरहेको छ। त्यसमा साना दलहरूको आवाजलाई कमजोर पार्ने, जनताको सहभागीलाई कमजोर पार्ने, लोकतन्त्रको सुन्दरता भनेको समावेशिता हो त्यसलाई कमजोर बनाउने कथित दुई दलीय व्यवस्थातिर लैजाने प्रयास भइरहेको छ। लोकतन्त्रको लागि त्यो बेठिक छ रहेको साझा धारणा बनेको छ ।'

सबै विपक्षी दलहरूलाई समेटेर साझा धारणा सार्वजनिक गर्नको लागि अनौपचारिक ड्राफ्ट कमिटी पनि बनाएको छ । कमिटीमा माओवादीका उपमहासचिव पुन र नेकपा एकीकृत समाजवादीका वरिष्ठ नेता डा. बेदुराम भुसाल रहेका छन्। आज साँझसम्ममा कार्यदलले काम टुंग्याएर भोलि नै सार्वजनिक गर्ने तयारी विपक्षी दलहरूको छ ।

बैठकले सरकारले ससद् छलेर स्वच्छाचारी ढंगले अध्यादेशले शासन गर्न खोजेको भन्दै विशेष अधिवेशन बोलाउने चेतावनी दिए ।

उनले भने, 'दुई ठूला पार्टी मिल्यौं भनेर गणितीय हिसाबले हामी सजिलो स्थितिमा छौं भनेर जनताको भावना विपरीतका कामहरू हुँदै गएका छौं। हामी सोको विरुद्धमा छौं ।'






# भूकम्पपीडितका घर निर्माणको प्रक्रियागत काम सुरु



काठमाण्डु । चौध महिनादेखि भूकम्पपीडितको घर निर्माण प्रक्रिया सुरु नभएर समस्यामा रहेका पीडितलाई घर बनाउन प्रक्रियागत काम सुरु भएको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को १६औँ बैठकले जाजरकोटमा भूकम्प गएको १४ महिनापछि पुनर्निर्माण प्रक्रिया अगाडि बढाउने निर्णय गरेपछि काम सुरु भएको हो ।

बैठकले पश्चिम नेपाल भूकम्प तथा २०८१ सालको मनसुनजन्य विपद्पश्चात् पुनर्निर्माण तथा पुनःस्थापना योजना स्वीकृत गरेको हो । प्रधानमन्त्री एवं परिषद्का अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा बसेको बैठकले क्षतिको विस्तृत विवरण मूल्याङ्कन गरी गत २१ पुस गते विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकको सिफारिसबमोजिम योजना स्वीकृत गरेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता एवं सूचना अधिकारी डा डिजन भट्टराईले जानकारी दिनुभयो ।

योजना स्वीकृत भएसँगै बुधबारदेखि लाभग्राहीसँग सम्झौता प्रक्रिया प्रारम्भ गरी पुनर्निर्माण प्रक्रिया सुरु गरिने सूचना अधिकारी भट्टराईले उल्लेख गर्नुभयो । क्षतिको विस्तृत आकलन (डिडिए) नभएका क्षेत्रमा सोही दिनदेखि डिडिएको प्रक्रिया प्रारम्भ गर्ने निर्णय बैठकले गरेको छ ।

सूचना अधिकारी भट्टराईले योजना स्वीकृत भएसँगै जाजरकोट र डोटीमा भूकम्पले क्षति पुगेका संरचनाको पुनर्निर्माणको बाटो खुलेको बताउनुभयो । यथाशीघ्र डोटीमा पुनर्निर्माणको प्रक्रिया सुरु हुनेछ भने जाजरकोटमा क्षतिको विस्तृत मूल्याङ्कनको काम अघि बढ्ने उहाँले जानकारी दिनुभयो ।

> **सूचना अधिकारी भ राईले योजना स्वीकृत भएसँगै जाजरकोट र डोटीमा भूकम्पले क्षति पुगेका संरचनाको पुनर्निमार्णको बाटो खुलेको बताउनुभयो ।**

अर्थ मन्त्रालयले बजेटको व्यवस्थापन गरेलगत्तै जाजरकोट भूकम्पपछिको क्षतिको आकलन र पुनर्निर्माण प्रक्रिया अघि बढ्ने उहाँले बताउनुभयो । भट्टराईका अनुसार विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय प्राधिकरणले पुनर्निर्माण र पुनःस्थापनाका लागि सडक तथा यातायात, सरकारी भवन तथा सहरी पूर्वाधार, विद्युत् वैकल्पिक ऊर्जा र सिँचाइ, निजी आवास, शैक्षिक संरचना, स्वास्थ्य संरचना, खानेपानी सरसफाइ तथा स्वच्छता र पुरातात्विक संरचनालाई प्राथमिकतामा राखेको छ ।

आन्तरिक तथा बाह्य स्रोत परिचालनका लागि अर्थ मन्त्रालयले अग्रसरता लिनेछ भने पुनर्निर्माण र पुनःस्थापनका लागि प्राधिकरणको समन्वयमा साझेदार संस्थाको सहकार्यमा कार्यक्रम सञ्चालन गर्नेगरी योजना तयार गरिएको प्रवक्ता भट्टराईले बताउनुभयो । उहाँका अनुसार भूकम्प प्रभावितका निजी आवास निर्माणका लागि तराईमा रु चार लाख, पहाडमा रु पाँच लाख र हिमाली जिल्लामा रु छ लाख अनुदान दिने गरी योजना बनेको छ । प्राधिकरणका लागि आवश्यक जनशक्तिको प्रबन्ध गर्ने प्रक्रियासमेत सुरु भएको उहाँले जानकारी दिनुभयो ।

प्राथमिकता र स्रोत उपलब्धताका आधारमा ढिलाइ नगरी क्षतिको विस्तृत यथार्थ मूल्याङ्कन गरेर दोहोरोपन नहुने गरी पुनर्निर्माण सुरु गरिने प्रवक्ता भट्टराईले बताउनुभयो । पश्चिम नेपालमा भूकम्पले क्षति पुर्‍याएका निजी आवासको सङ्ख्या ९५ हजार सात सय ८७ रहेको जनाउँदै उहाँले भूकम्प, बाढीपहिरोजस्ता प्राकृतिक विपद्बाट क्षति पुगेका विभिन्न संरचनाको पुनर्निर्माण गर्न रु एक खर्ब एक अर्ब १२ करोड लागत अनुमान गरिएको उल्लेख गर्नुभयो ।

जाजरकोटको रामीडाँडा केन्द्रविन्दु भएर गएको भूकम्पबाट जाजरकोटमा ४८ हजार पाँच सय १६, रुकुम पश्चिममा ३४ हजार नौ सय ९७ र सल्यानमा चार हजार चार सय सात घरमा क्षति पुगेको थियो ।

जिल्ला प्रशासन कार्यालयको तथ्याङ्क अनुसार झण्डै चार सय विद्यालय, ५० स्वास्थ्यचौकी, २० प्रहरीचौकी र विभिन्न २३ सरकारी कार्यालयका भवनमा पनि क्षति पुगेको थियो । भूकम्पले जाजरकोट र रुकुम पश्चिममा एक सय ५४ जनाको ज्यान गएको थियो ।रासस

# ‘बहुप्राविधिक शिक्षालय’ सञ्चालन

काठमाण्डु । चन्द्रागिरि नगरपालिकाले सामुदायिक विद्यालयमा ‘बहुप्राविधिक शिक्षालय’ सञ्चालन गर्न सुरुआत गरेको छ । ‘पढ्दै कमाउँदै’ अवधारणा एवं विद्यार्थीलाई माध्यामिक शिक्षा (दशजोड दुई) पश्चात् स्वारोजगार बनाउने ध्येयले नगरपालिकाले पहिलोपटक चन्द्रागिरि-१२ स्थित बलम्बु माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीलाई प्राविधिक शिक्षालयमार्फत सीप सिकाउन थालेको हो ।

यसका लागि नगरपालिकाले दक्षिण कोरियाको ड्रिम सेयरिङ फाउन्डेसनसँगको सहकार्यमा सो विद्यालय परिसरमा शिक्षालय भवनसहित अत्याधुनिक चारवटा प्रयोगशाला निर्माण गरेको छ । दुईतले भवन एवं प्रयोगशालका लागि रु दुई करोड ५० लाख खर्च भएको जनाइएको छ । शिक्षालयमा अब प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा परिषद् (सिटिइभिटी) अन्तर्गतको पाठ्यक्रममा आधारित ब्यूटिसियन, इलेक्ट्रिसियन, मोटरसाइकल तथा मोबाइल मर्मत विधामा सीप विद्यार्थीलाई अतिरिक्त समयमा सिकाइने छ ।

माध्यामिक शिक्षा परीक्षामा (एसइई)मा शतप्रतिशत विद्यार्थीलाई उत्तीर्ण गराउँदै आएको अब्बल सो सामुदायिक विद्यालयमा साधारणतर्फ कक्षा ९ देखि १२ अध्ययन गरिराखेका विद्यार्थीले आफू रुचिको ती विधामध्ये एक विधामा सीप सिक्नेछन् । अतिरिक्त समयमा उनीहरूले सिक्ने सो सीप स्नातक तह बराबरको हुनेछ ।

कक्षा १२ उत्तीर्ण हुँदा विद्यार्थीले आफूले रोजेका विधामा प्राविधिक सीपको प्रमाणपत्र पनि लिएर निस्कने छन् । यसबाट विद्यालयमै विद्यार्थीलाई आत्मनिर्भर तथा रोजगार बनाउन सहयोग पुग्ने अपेक्षा नगरपालिकाले लिएको छ । उपराष्ट्रपति रामसहायप्रसाद यादवले मङ्गलबार ‘बहुप्राविधिक शिक्षालय’को शुभारम्भ गर्दै सामुदायिक विद्यालयमा बहुप्राविधिक शिक्षालय सञ्चालन गर्ने नगरपालिकाको



नीतिको प्रशंसा गर्दै यो नीति सङ्घीय सरकारका लागि पनि सिकाइ हुनसक्छ भन्नुभयो ।

नगरप्रमुख घनश्याम गिरीले भन्नुभयो, “विद्यालयमै विद्यार्थीलाई आत्मनिर्भर तथा स्वरोजगार बनाउने नीति नगरपालिकाको हो, यसका लागि नै नगरपालिकाले सामुदायिक विद्यालयमा ‘बहुप्राविधिक शिक्षालय’ सञ्चालन गरेको हो । यो पहिलो शिक्षालयको सिकाइका आधारमा अन्य विद्यालयमा यो कार्यक्रम कार्यान्वयनमा ल्याउँछौँ । विद्यालय शिक्षापछि जीविकोपार्जन गर्न विदेश जानु नपरोस् भन्ने नै हाम्रो ध्येय हो ।”

उहाँका अनुसार नगर क्षेत्रका सामुदायिक विद्यालयमा ९० घण्टा बराबरको प्राविधिक शिक्षा कार्यक्रम कार्यान्वयन भइराखेको, स्मार्ट बोर्डमार्फत पठनपाठन भइराखेको, विद्यालयका लागि बसको व्यवस्था गरिएको छ । नगरप्रमुख गिरीले भन्नुहुन्छ, “नगरक्षेत्रका सबै सामुदायिक विद्यालयका भौतिक पूर्वाधारको काम सम्पन्न भएका छन्, अब शैक्षिक गुणस्तरलाई अझ उत्कृष्ट बनाउँदै विद्यार्थी प्राविधिक सीप पनि सिकाउने काममा लागेका छौँ ।”

प्रमुख प्रशासकीय अधिकृत हेमराज अर्यालले भन्नुहुन्छ, “जीवनोपयोगी शिक्षा, गुणस्तरीय पठनपाठन र प्राविधिक सीपमार्फत स्वदेशमै युवालाई स्वरोजगार बनाउने प्रयासमा लागेका छौँ । अर्धदक्ष सीप बेच्न विदेश जानुपर्ने अवस्थालाई घटाउन लागेका छौँ । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरलाई अझ माथि उठाउन नगरपालिकाले आवश्यक पक्षमा ध्यान दिएको छ । यसमा नै हाम्रा शैक्षिक नीतिनियम केन्द्रित छन् ।”

शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख सुजनराज खनालले विद्यार्थीलाई विद्यालय शिक्षासँगै प्राविधिक शिक्षाको सैद्धान्तिक र प्रयोगात्मक ज्ञान हुँदा स्वरोजगार बन्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुहुन्छ ।
बलम्बु माविका प्रधानाध्यापक सुमन रावतले भन्नुहुन्छ, “कक्षा ९ देखि प्राविधिक शिक्षा पढ्न थालेका विद्यार्थीले कक्षा १२ कक्षा पास गर्दा एक हातमा शैक्षिक प्रमाणपत्र अर्को हातमा प्राविधिक शिक्षाको, रोजगार बनाउने हाम्रो उद्देश्य हो ।” ड्रिम सेयरिङ फाउन्डेसन कोरियाका अध्यक्ष सी विनले अगामी दिनमा नेपालको सामुदायिक विद्यालयमा नै प्राविधिक शिक्षाको आवश्यकता रहेको हुँदा यस क्षेत्रमा फाउन्डेसनको सहयोग जारी राख्ने जानकारी दिनुभयो ।रासस

# पाँच महिनामा एक हजार बढी आगलागीका घटना, १६ जनाको मृत्यु



काठमाण्डु । पाँच महिनामा देशका विभिन्न जिल्लामा एक हजार एक सय १६ वटा आगलागीका घटना भएका छन् । ती घटनामा १६ जनाको मृत्यु भएको छ ।

नेपाल प्रहरीका प्रवक्ता एवं प्रहरी वरिष्ठ उपरीक्षक विश्वराज अधिकारीले ती आगलागीका घटनाबाट एक सय ४५ जना घाइते भएका जानकारी दिनुभयो । उहाँका अनुसार आगालागीबाट एक सय ९० घर, एक सय ३० गोठ, एउटा सरकारी कार्यालय र चार सय ५५ पशुचौपायको क्षति भएको छ ।

आगालागी नियन्त्रणका लागि आठ हजारभन्दा बढी प्रहरी परिचालन गरिएको थियो । आगालगीबाट करिब रु ५० करोड बराबर क्षति भएको प्रवक्ता अधिकारीले बताउँदै २ ९ परिवार विस्थापित भएका जानकारी दिनुभयो ।

सबैभन्दा बढी कोशी प्रदेशमा तीन सय ३१ स्थानमा आगलागी भएका छन् । प्रहरीले मङ्गलबार सार्वजनिक गरेको विवरणअनुसार मधेश प्रदेशमा दुई सय ६९, बागमतीमा ७०, काठमाडौँ उपत्यकामा एक सय ४०, गण्डकी प्रदेशमा ८१, लुम्बिनीमा एक सय १४, कर्णालीमा ५१ र सुदूरपश्चिम प्रदेशमा ६० वटा आगलागीका घटना भएका छन् ।

दैनिक रूपमा आगलागीका घटना भइरहेका भन्दै हिजो मात्रै देशभरका १९ ठाउँमा आगलागी भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । ती आगलागीबाट दुई जना घाइते भएका प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले जानकारी दिनुभयो ।


दैनिक आगलागीका घटना भइरहेकाले आगो, विद्युत् तथा ग्यासका सामग्री प्रयोग गर्दा विशेष सावधानी अपनाउन प्राधिकरणले सबैमा अनुरोध गरेको छ । विद्युत् सर्ट, ग्यास चुहिएर र जाडोमा आगो ताप्दा असावधानीलगायत कारणले आगलागीका घटना बढिरहेका प्रवक्ता भट्टराईले बताउनुभयो ।रासस

# अर्थतन्त्रलाई सबल बनाउन सरकारले ध्यान दिएको छः प्रधानमन्त्री

काठमाण्डु । नेपाल उद्योग वाणिज्य महासङ्घसहित निजी क्षेत्रका सङ्घ-संस्थाले हालै जारी भएका अध्यादेशले मुलुकमा लगानी र व्यवसायको वातावरण अभिवृद्धि हुने जनाउँदै नेपाल सरकारलाई धन्यवाद दिएका छन् ।

प्रधानमन्त्री निवास, बालुवाटारमा आज प्रधानमन्त्री केपी शर्मा ओली, उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखकसहित अन्य मन्त्रीको उपस्थितिमा महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवाल, नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेश अग्रवाल, नेपाल उद्योग तथा व्यावसायी महासङ्घका अध्यक्ष भगीरथ सापकोटाले अध्यादेशमा भएका लगानी र व्यवसायसम्बन्धी विषय स्वागतयोग्य छन् भन्नुभयो ।

निजी क्षेत्रका प्रतिनिधिले कोभिड-१९ पछि सङ्कुचित अर्थतन्त्रलाई उकास्न यी अध्यादेश प्रभावकारी हुने भएकाले तिनको कार्यान्वयनमा यथाशक्य उपयुक्त नियमावली र कार्यविधि ल्याउन माग गर्नुभयो । उहाँहरुले अध्यादेशका ती व्यवस्थाका कारण निजी क्षेत्रमा नयाँ रक्त



सञ्चार हुने जनाउँदै लगानीमैत्री वातावरण सृजना यही ढङ्गले भएमा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा हुन योगदान मिल्ने बताउनुभयो ।

सरकारको सिफारिसमा राष्ट्रपतिबाट गत पुस २९ गते विभिन्न चार अध्यादेश जारी भएकाले थिए भने भूमी व्यवस्थासम्बन्धी अध्यादेश चाँडै जारी हुने क्रममा रहेको छ ।

कार्यक्रममा प्रधानमन्त्री ओलीले राम्रो काम गर्ने सरकारको सदासयतालाई सकारात्मकरुपमा लिइदिएकामा खुसी व्यक्त गर्दै सरकार ढल्दैछ भन्नेर बजार हल्ला लाइएपनि सत्ता गठबन्धनमा रहेका दल आपसमा बसेर देश बनाउने नीति निर्माणमा प्रभावकारी ढङ्गले कदम चालिरहेको स्पष्ट गर्नुभयो ।रासस

# भूकम्प सुरक्षा दिवसः पूर्वतयारीका कामलाई प्रभावकारी बनाइने छ : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले भूकम्पजस्ता प्राकृतिक विपद्बाट जोगिनका लागि सबै क्षेत्रबाट प्रभावकारी पूर्वतयारी गरिनुपर्नेमा जोड दिनुभएको छ ।

सत्ताइसौँ राष्ट्रिय भूकम्प सुरक्षा दिवसका सन्दर्भमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणद्वारा बुधबार कीर्तिपुरमा आयोजित मूल समारोहको कार्यक्रममा प्रधानमन्त्री ओलीले २०७२ सालको भूकम्पपछि पुनः निर्माण भएका एकीकृत बस्तीहरुमा तुलनात्मकरुपमा सुरक्षाको स्थिति रहेको बताउनुभयो ।

उहाँले एकीकृत बस्तीमा रोजगारी र आय आर्जनको वातवरण भने कम हुने स्थिति नहुने गरी आगामी दिनमा पुनः विचार गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रधानमन्त्री ओलीले भूकम्प प्राकृतिक कारणले आउने हुँदा यसलाई टार्न नसकिने भएकाले भूकम्प प्रतिरोधी घर र संरचना बनाउन सकिए क्षति कम हुने उल्लेख गर्दै माघ महिनालाई भूकम्पीय सुरक्षाको स्मरणका साथै नेपालको लोकतन्त्र प्राप्तिको आन्दोलनको सङ्घर्षमा



होमिएका सहिदहरुको स्मरणको महिनाका रुपमा पनि लिइएको बताउनुभयो ।

“बहत्तर सालको भूकम्पपछि हामीले पुनः निर्माणमा राम्रा उपलब्धि र हासिल गरेका छौँ । त्यसका सिकाइलाई लिएर आगामी दिनमा अझ व्यवस्थित बस्ती विकास पूर्व तयारीका काममा लाग्नुपर्नेछ ।”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “विज्ञहरुसँग छलफल गरेर हामीले आगामी दिनमा भूकम्प र विपद्बाट हुन सक्ने क्षतिको पूर्वतयारीमा गम्भीर भएर लाग्नुपर्छ । सरकारले यसको अगुवाइ गर्नेछ ।”

कार्यक्रममा उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह, गृहमन्त्री रमेश लेखक, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, प्रतिनिधिसभा सदस्य राजेन्द्र केसीलगायतको उपस्थिति थियो ।रासस

**ज्योतिष-मार्गदर्शन**
**प्रसिद्ध ज्योतिषगुरु ई बिबेक**

मेष:कार्यक्षेत्रमा लाभका अवसरहरू प्राप्त हुनेछन्।
वृष : एकाग्रताको साथमा मेहनत गर्नुभयो भने परिणाम अवश्य राम्रो आउनेछ।
मिथुन:तपाईंको कार्य समीतिमा सुधार हुनेछ।
कर्कट:कार्यक्षेत्रमा व्यवधान आउन सक्छ।
सिंह :प्रतिकूल समय अनुकूल बन्दै जानेछ।
कन्या:तपाईंको इच्छाको मान राखिनेछ।
तुला:शुभचिन्तकहरूको सहयोगले रोकिएको कार्य हुनेछ।
वृश्चिक: चुनौतीको सामना गर्दा चोटपटकको सम्भावना समेत रहेको छ। धर्मकर्ममा रुचि बढ्नेछ।
धनु:आफन्तहरुसँग बसेर भविष्यको लागि दीर्घकालीन योजनाहरू बन्नेछन्।
मकर:लामो समयदेखि रोकिएको काम सम्पादन हुनेछ र मान प्रतिष्ठामा वृद्धि हुनेछ।
कुम्भ:मनमा नैतिक र कर्तव्य भाव उत्पन्न हुनेछ।
मीन:आर्थिक दृष्टिकोणले समय सामान्य रहेको छ।

**गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी**
**9812005378**

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**जनकपुरधाम ०४१**

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



भूकम्प सुरक्षा दिवसको अवसरमा जिल्ला विपद् व्यवस्थापन समिति महोत्तरीले जलेश्वरमा बुधवार निकालेको प्रभातफेरी । तस्बिर : रासस

# लहान नगरपालिकाको वडाको भवन उद्घाटन



**टुडे समाचारदाता**

लहान । सिरहाको लहान नगरपालिका वडा नम्बर ११ का वडा कार्यालयको नवनिर्मित भवन विधिवत रुपमा सञ्चालनमा आएको छ । जिल्लाको लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले उदघाट्न गर्दै आज बुधबारदेखि वडा कार्यालय सञ्चालनमा आएको घोषणा गरेका छन् ।


उनले भने, 'लहान नगरपालिकको २४ वटै वडाहरुमा वडा कार्यालय व्यवस्थापनको कार्यलाई गति दिएको छ। यस वर्ष पाँच वटा वडा कार्यालयहरु सञ्चालनमा ल्याउने गरी निर्माण कार्य अघि बढाएको छ । 'हाम्रो लहान, समृद्ध समुन्नत र सुन्दर लहान'को नारा कार्यान्वियन अन्तर्गत वडा कार्यालय भवन निर्माण कार्यलाई अघि बढाएका छौं । वडा कार्यालयलाई आत्मनिर्भर बनाएर अधिकांश सेवा वडाबाट नै प्राप्त गर्न सक्ने कार्यमा लागेका छौं ।'

वडा नम्बर ११ का वडाध्यक्ष सूर्यनारायण चौधरीले वडा कार्यालय व्यवस्थित नहुँदा निकै समस्याहरु भेल्नुपरिरहेको बताउँदै आफ्नै भवन भएपछि वडाका कामहरुमा सहजता आउने खुसी व्यक्त गरे ।

लहान नगरपालिकाको सहरी क्षेत्रमा पर्ने वडा नम्बर १,२, र ३ मध्ये २ र ३ नम्बरका वडा कार्यालय निर्माण कार्य सुरु भएको छ । वडा नम्बर १ को वडा कार्यालयको लागि लहानको मुख्य चोक तरकारी बजारमा रहेको कृषि कम्प्लेक्स भवन नै प्रयोग गरिने भएको छ ।

सहरी क्षेत्रका ४,६,७ र ८ नम्बर वडा कार्यालय लहान-७ स्थित विद्यापति भानुभक्त वाचनालयको भवनमा अहिले सञ्चालनमा आएको छ । सहरी क्षेत्रको सबैभन्दा बढी जनसंख्या रहेको वडा नम्बर ५ को र अर्को वडा नम्बर १० को वडा कार्यालय निर्माण भइसकेको जनाइएको छ ।

# सबै प्रदेशमा आपत्कालीन गोदामघर हस्तान्तणको तयारी छ : गृहमन्त्री लेखक




काठमाण्डु । गृहमन्त्री रमेश लेखकले मुलुकमा विगतको तुलनामा विपद् प्रतिकार्यमा आफ्नो क्षमता विकासमा प्रगति गरिरहेको बताउनुभएको छ ।

कीर्तिपुरमा बुधबार आयोजित २७औं भूकम्प सुरक्षा दिवसका अवसरमा आयोजित कार्यक्रममा गृहमन्त्री लेखकले खोज, उद्धार तथा राहतका क्षेत्रमा प्रशिक्षक र तालिमप्राप्त उद्धारकर्मी तयार भएको जानकारी दिँदै सुरक्षा निकाय र प्रतिकार्यमा क्रियाशील संस्थाको व्यवस्थित परिचालन गर्न आवश्यक व्यवस्था गरिएको बताउनुभयो । उहाँले विपद्को समयमा अत्यावश्यक सामग्रीको भण्डारणलाई प्रभावकारी बनाउन आपतकालीन गोदामघर सञ्चालनसम्बन्धी कार्यविधि निर्माण गरी सबै प्रदेशमा आपतकालीन गोदामघर हस्तान्तरण गर्ने तयारी भइरहेको बताउनुभयो ।

"आगामी दिनमा भूकम्प प्रतिरोधी संरचना निर्माणको अभियालाई थप प्रभावकारी बनाएर लगिनेछ", गृहमन्त्री लेखकले भन्नुभयो, "सरकारी निकाय, निजी क्षेत्र र गैरसरकारी संस्थालगायत समुदायस्तरमा पूर्वतयारी, प्रतिकार्य र पुनःनिर्माण क्षमता अभिवृद्धि गर्ने कार्य गरिनेछ ।" सचेतना बढाउन परम्परागतसँगै नयाँ प्रविधिलाई अधिकतम प्रयोग गरिने उहाँको भनाइ थियो ।

जाजरकोटलगायत भूकम्पबाट प्रभावित नागरिकका लागि अस्थायी आवास बनाउन रु ५० हजार सहयोग गर्ने अस्थायी निर्माणसम्वन्धी मापदण्ड मन्त्रीपरिषद्बाट स्वीकृत भई लागू भइसककेको गृहमन्त्री लेखकले जानकारी दिनुभयो । "स्थायी आवास निर्माणसम्बन्धी कार्यविधि कार्य समितिको बैठकबाट पारित भइसकेको छ", उहाँले भन्नुभयो, "जाजरकोट भूकम्पबाट भएको क्षतिको आँकलन यसै महिनादेखि प्रारम्भ गरिनेछ ।"रासस

# समाजवादी मोर्चाले माघ १६ गते राजधानीमा कार्यक्रम गर्ने




काठमाण्डु । समाजवादी मोर्चा नेपालले मोर्चा गठनको आश्यकता र औँचित्यता प्रष्ट् याउन यही माघ १६ गते राजधानीमा कार्यक्रम गर्ने भएको छ ।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) को केन्द्रीय कार्यालयमा बुधबार बसेको मोर्चाको बैठकले सो निर्णय गरेको नेपाल कम्युनिष्ट पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्माले जानकारी दिनुभयो । बैठकले समाजवादी मोर्चाको गतिविधि, सीमा र आगामी कार्यक्रमसम्बन्धी प्रतिवेदनलाई पूर्णता दिने निर्णय गरेको छ । यही माघ १० देखि १२ गतेसम्म उक्त प्रतिवेदनलाई अन्तिमरुप दिएर शीर्ष नेतासमक्ष हस्तान्तरण गर्ने निर्णय गरेको उहाँले जानकारी दिनुभयो ।

> समाजवादी मोर्चा गठनदेखि अहिलेसम्मको वैचारिक र राजनीतिक कार्यक्रममाथि समीक्षा भएको प्रवक्ता विश्वकर्माले बताउनुभयो ।

समाजवादी मोर्चा गठनदेखि अहिलेसम्मको वैचारिक र राजनीतिक कार्यक्रममाथि समीक्षा भएको प्रवक्ता विश्वकर्माले बताउनुभयो ।

संसद्को हिउँदे अधिवेशन आह्वान नगरी अध्यादेश ल्याएर सरकारले संसद्को महत्वलाई वेवास्ता गरेको उहाँको भनाइ थियो ।

बैठकमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष नेत्रविक्रम चन्द, नेपाल समाजवादी पार्टीका अध्यक्ष महिन्द्र राय यादवलगायत सहभागी हुनुहुन्थ्यो ।रासस

भूकम्प दिवसः

# पूर्वतयारीका लागि सङ्कल्प जरुरी



काठमाण्डु । विसं १९९० को विनाशकारी भूकम्पको त्रास बेहोर्नेहरु अहिले निकै कम सङ्ख्यामा हुनुहुन्छ । तत्कालीन भूकम्पको त्रासदीपूर्ण अनुभव सङ्गालेकाहरु कम भए पनि अहिलेको पुस्ताले २०७२ सालमा त्यस्तै प्रकारको अनुभव भने बेहोरेको छ । त्यति मात्रै होइन, केही दिन अघि तिब्बतमा केन्द्रविन्दु भएको भूकम्पले काठमाडौँलगायतका क्षेत्रको जमिन हल्लाउँदा त्यसले नौ वर्षअघिको भूकम्पको सम्झना दिलाएको थियो ।

विसं १९९० माघ २ गतेका दिउँसो २:२४ बजेको भूकम्पको स्मृतिमा २०५५ सालदेखि हरेक वर्ष सोही दिनलाई भूकम्प सुरक्षा दिवसका रुपमा मनाइँदै आइएको छ । भूकम्प सुरक्षा दिवसलाई देशव्यापी रुपमा एकरुपता कायम हुने गरी व्यवस्थित, प्रभावकारी तुल्याउन भूकम्प सुरक्षा दिवस मार्गदर्शन २०७१ तर्जुमा समेत गरिएको छ ।

भूकम्पले सिकाएको पाठ, बलियो संरचना र सुदृढ पूर्वतयारीका साथ भन्ने मूल नाराका साथ देशव्यापी रुपमा विविध कार्यकमहरु सञ्चालन गरी २७औं भूकम्प सुरक्षा दिवस देशैभर मनाउने कार्यक्रम रहेको सहरी विकास तथा भवन निर्माण विभागले जानकारी दिएको छ ।

विभागका महानिर्देशक मचाकाजी महर्जनले भूकम्पबाट सुरक्षित रहन सुदृढ पूर्वतयारी गर्नुपर्ने र हाम्रा घर संरचनाहरु पनि बलियो बनाउनुपर्ने भूकम्पको मुख्य पाठ रहेको बताउनुभयो । "विगतका भूकम्पबाट सिकेको पाठ भूकम्पीय जोखिम न्यूनीकरण गर्नुपर्छ भन्ने हो", उहाँले भन्नुभयो, "यसका लागि हामीले बनाउने संरचनाहरु भूकम्प प्रतिरोधि हुनैपर्छ । यस दिवस भूकम्पको सम्भावित जोखिमबाट कसरी बच्न सकिन्छ भन्ने विषयमा व्यापक जनचेतना अभिबृद्धि गराउने, विगतमा भएका प्रयासका मूल्याङ्कन गर्दै, हाम्रा कमीकमजोरीलाई पनि सुधार गर्ने लक्ष्यका साथ आइरहेका छौ ।"

भूकम्पको जोखिम न्यूनीकरणका लागि व्यापक प्रचारप्रसार गरी जनचेतना अभिवृद्धि गर्न सबै सरोकार निकायदेखि सञ्चार क्षेत्रको भूमिका महत्वपूर्ण रहेको भन्दै यससम्बन्धी प्रचारप्रसार आवश्यक भएकोमा उहाँको जोड छ ।

"भूकम्पीय जोखिम न्यूनीकरण गर्न सुरक्षित भवन निर्माण गर्नुपर्ने र यसका लागि नेपाल सरकारले जारी गरेको राष्ट्रिय भवन संहिता पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्छ", उहाँले भन्नुभयो, "भूकम्प पश्चात्को सम्भाव्य अवस्थालाई पूर्वआकलन गरी प्रभावकारी र दूत खोज तथा उद्धार, सीपयुक्त र तालिम प्राप्त उद्धारक एवम् तत्काल राहतको आवश्यकतालाई समेत तयारी अवस्थामा राख्नु पनि उत्तिकै जरुरी छ ।"

भवन संहिता कार्यान्वयनका लागि नीतिगत व्यवस्था, नीतिगत जनचेतना तथा अभिमुखीकरण, क्षमता अभिवृद्धि, प्राविधिक कार्य, अध्ययन तथा अनुसन्धान, अनुगमन तथा मूल्याङ्कन, समन्वय तथा सहकार्य जस्ता क्षेत्रहरुमा आवश्यक कार्यहरु निरन्तर रुपमा भइरहेको महर्जनले बताउनुभयो । विगतका भूकम्पबाट पाठ सिकेर भवनको नक्शा डिजाइन गर्न आवश्यक पर्ने भार र डिजाइन गर्ने विधिसहितको भवन निर्माण संहिता अद्यावधिक गरी लागू गरिएको उहाँको भनाइ छ ।

खानी तथा भू-गर्भ विभागअन्तर्गत राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका वरिष्ठ भूकम्पविद् डा लोकविजय अधिकारीले भूकम्प गएमा के गर्ने ? के नगर्ने विपद्मा कसरी संयमता अपनाउने ? सुरक्षित हुने तरिकाहरु के हुन्ने ? लगायत विषयमा सचेतना बढाउन सकेमा आगामी दिनमा भूकम्पीय क्षति कम गर्न सकिने बताउनुहुन्छ । सम्भावित धनजनको क्षति न्यूनीकरणका लागि पूर्वतयारी र पूर्वसूचना प्रणालीको विकासलाई प्राथमिकता दिनुपर्ने उहाँको जोड छ ।

> खानी तथा भू-गर्भ विभागअन्तर्गत राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका वरिष्ठ भूकम्पविद् डा लोकविजय अधिकारीले भूकम्प गएमा के गर्ने ? के नगर्ने विपद्मा कसरी संयमता अपनाउने ? सुरक्षित हुने तरिकाहरु के हुन्ने ? लगायत विषयमा सचेतना बढाउन सकेमा आगामी दिनमा भूकम्पीय क्षति कम गर्न सकिने बताउनुहुन्छ । सम्भावित धनजनको क्षति न्यूनीकरणका लागि पूर्वतयारी र पूर्वसूचना प्रणालीको विकासलाई प्राथमिकता दिनुपर्ने उहाँको जोड छ ।

### पूर्वतयारीको अभाव

पूर्वतयारीको अभावमा जाजरकोट भूकम्पपीडितले अझै पनि पूर्णरुपमा राहत नपाएको अवस्था छ । पूर्वतयारी नहुँदा भूकम्पपछि सर्वसाधरणले दुःख पाउने गरेको विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीको भनाइ छ । "अहिलेसम्म कतिपय भूकम्पपीडितले राहत पाउन नसक्दा उनीहरु अस्थायी आवासमै कष्टपूर्ण रुपमा बस्नु परेको छ", उहाँले भन्नुभयो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (एनडिआरआरएमए) जाजरकोटको भूकम्पबाट प्रभावित भइ पुनःनिर्माण गर्नुपर्ने निजी आवासको सङ्ख्या ९५ हजार सातसय ८७ छ । भूकम्प, बाढीपहिरो जस्ता प्राकृतिक विपद्बाट क्षति पुगेका विभिन्न संरचनाहरुको पुनःनिर्माण तथा पुनःस्थापना योजनाको योजना कार्यान्वयनका लागि रु एक खर्ब एक अर्व १२ करोड लागत लाग्ने अनुमान गरिएको छ ।

### भूकम्प प्रतिरोधी संरचनामा जोड

भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालका निमित्त कार्यकारी निर्देशक डा रमेश गुरागाईले नयाँ बन्ने संरचनाहरु भूकम्प प्रतिरोधि बनाउन आवश्यक रहेकोमा जोड दिनुहुन्छ ।

"हामीले भूकम्प प्रतिरोधी संरचना बनाउन सकिरहेका छैनौ, सबै स्थानीय तहमध्ये भवन निर्माण संहिता ५० वटा स्थानीय तहमा मात्रै कार्यान्वयन भएको छ," उहाँले भन्नुभयो, "भूकम्प कहिले र कहाँ जान्छ भनेर भविष्यवाणी नै गर्न त सकिदैन । तर भूकम्पबाट बच्ने मुख्य उपाय स्वरुप पूर्वतयारी गर्न सकिन्छ । यो भनेको भूकम्प प्रतिरोधी संरचना बनाउने, बनिसकेका संरचनाहरुलाई सुधार गर्ने र अन्य पूर्वतयारीका गतिविधि नै हो ।"

भूकम्पबाट हुने क्षति न्यूनीकरणका लागि राष्ट्रिय सङ्कल्प आवश्यक भएको उहाँको भनाइ छ । "राज्य तथा अन्य सरोकारवाला निकायबाट व्यापक जनचेता अभिबृद्धिका साथै विपद्पछिको प्रतिकार्यसम्बन्धि योजना र कार्यान्वयनका लागि तयार हुनुपर्छ", उहाँले भन्नुभयो, "यसका साथै व्यक्ति आफैले पनि भूकम्पबाट सुरक्षित हुन आफ्नो तर्फबाट तयारी हुनुपर्छ । कसरी संयमता अपनाउने, आफ्नो घर भूकम्प प्रतिरोधि छ कि छैन ? लगायतका विषयमा सचेत हुनुपर्छ ।"

इञ्जिनियर अमितप्रसाद तिमल्सेनाले भूकम्पमैत्री संरचना निर्माणका लागि भवन निर्माण संहिताको कडाइका साथ कार्यान्वयन गराउनुपर्ने आवश्यकता औंल्याउनुभयो । "अधिकांश घर र संरचना निर्माणमा मापदण्ड पालना भएको छैन, भवन निर्माण संहिता कार्यान्वयन भए नभएको विषयमा राज्यले अनुगमनलाई कडाइका साथ अगाडि बढाउनुपर्छ", उहाँले भन्नुभयो ।

### आजदेखि लाभग्राहीसागको सम्झौता सुरू गरी पुनःनिर्माण थालनी

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सह-सचिव डा भीष्मकुमार भुसालले आजदेखि लाभग्राहीसँग सम्झौता प्रक्रिया प्रारम्भ गरी पुनःनिर्माण थालनी हुने जानकारी दिनुभएको छ ।

गत आइतबार बसेको विपद् राष्ट्रिय परिषद्को १६औं बैठकले भूकम्प र मनसुनजन्य विपद्पश्चात्को पुनःनिर्माण तथा पुनःस्थापनाका लागि योजना स्वीकृत गरेको प्राधिकरणले जानकारी दिएको छ । बैठकले योजनाबमोजिमका क्रियाकलापको कार्यान्वयनका लागि स्रोत व्यवस्थापन गर्न अर्थ मन्त्रालयलाई सम्बन्धित मन्त्रालय, प्रदेश र स्थानीय तहले आग्रह गर्ने तथा मन्त्रालयले सम्बन्धित निकायलाई यथाशीघ्र निकासा दिने गरी प्रबन्ध गर्न निर्देशन दिएको प्राधिकरणले जानकारी दिएको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

# कति सिकियो त भूकम्पले सिकाएको पाठ ?



श्रीरामसिंह बस्नेत

माघ २ गते अर्थात् भूकम्प सुरक्षा दिवस। नेपालमा यो दिवस मनाउन थालिएको पनि २६ वर्ष पूरा भइसकेको छ। आजको दिन २०५५ सालमा पहिलोपटक भूकम्प सुरक्षा दिवस मनाउँदाको क्षण सम्झना हुन्छ। विगतको कुनै ठूलो भूकम्पलाई आधार मानेर वर्तमानमा जनचेतना र राज्यको सक्रियता बढाई भविष्यलाई सुरक्षित बनाउने यो अवधारणा नेपालका लागि मात्र हैन विश्वमै एउटा नयाँ प्रयोग थियो। त्यसैले यसबारे सरकार र सम्बन्धित पक्षलाई कुरो बुझाउन निकै कठिन भएको थियो। यसका लागि भूकम्प प्रविधि राष्ट्रिय समाज (एनसेट) र तत्कालीन गृह मन्त्रालयले निकै परिश्रम गरेका थिए। यो दिवस २०५५ साल देखि मनाउन थाले पनि यसका लागि प्रयास भने करिब तीन वर्षअघिदेखि नै चलेको थियो। यदि सुरुमै प्रयास सफल भएको भए आज २७ औं हैन ३० औं भूकम्प सुरक्षा दिवस मनाइरहिएको हुन्थ्यौं। यो अनौठो खालको दिवस उद्घाटन गरेर श्रीगणेशः गर्न पाएकामा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला निकै उत्साहित हुनुहुन्थ्यो।

यो २६ वर्षको अवधिमा नेपालमा धेरै कम्प र परकम्पहरु आइसकेका छन्। त्यसैले अब भूकम्प कसैका लागि पनि 'दैवको लिला' रहेन। अन्त्र त केही वर्ष अघिसम्म पनि नेपालमा प्रकोपलाई दैवको दोष मान्ने चलन थियो। त्यसैले प्रकोपसम्बन्धी ऐनको नाम नै दैवी प्रकोप ऐन राखिएको थियो। तर अब पुराना सोच र शैलीमा केही परिवर्तन आई सकेको छ। भूकम्प सुरक्षा दिवस मनाउनुको सबैभन्दा ठूलो औचित्य र उपलब्धि भूकम्पीय सुरक्षाप्रति व्यापक जनचेतना जागृत गराउनु र सम्बन्धित निकायहरुलाई झक्झकाउनु हो।

यो दिवसको पृष्ठभूमि १९९० माघ २ गतेको महाभूकम्पलाई मान्नुको कारण अहिलेसम्म नेपालमा आएका भूकम्पमध्ये सबैभन्दा बढी शक्तिशालीको भूकम्प भएको र यसको राजनीतिक, सामाजिक र आर्थिक प्रभाव व्यापक हुनु हो। कतिपयलाई ९० सालको भूकम्पको राजनीतिक प्रभाव के होला र ? भन्ने लाग्न सक्दछ। तर यथार्थ फरक छ। यो महाभूकम्प आउँदा नेपाल ८७ वर्षअघिदेखि जहानीया एकतन्त्री राणाशासनमा जकडिएको थियो, जसमा न त नागरिक अधिकार थियो न त नागरिकहरुलाई नै आफ्नो क्षमताबारे कुनै अन्दाज थियो। त्यतिखेर सबैजसो आफ्नै भाग्यलाई दोष दिँदै पशुतुल्य जीवन बिताइरहेको थिए। त्यस्तो अवस्थामा महाभूकम्पले यस्तो हलचल ल्याइदियो कि त्यसले जमिन मात्र हल्लाएन, जनताको सोच्ने र गर्ने शक्तिलाई समेत हल्लाएर ब्युँताइदियो।

आपत्को अवस्थामा सङ्गठित भएर निःस्वार्थ भावले काम गरेमा जस्तोसुकै ठूलो काम पनि गर्न सकिंदो रहेछ भन्ने तत्व ज्ञान महाभूकम्पले ल्याएको विनाशपछि उद्धार र राहत कार्यमा अहोरात्र खटिएका नेपालीहरुले पहिलो पटक बुझे। साथै, भूकम्पपछि विचलित भएका जनमानसलाई सान्त्वना दिन प्रेरणादायी प्रवचनहरु पनि थालियो। मानिसहरु आपसमा सरसल्लाह, छलफल गर्ने गर्न थाले। नत्र त राणाका जासुसहरुले दुःख दिन्छन् भनेर भित्ताको पनि कान हुन्छ, बोल्न हुँदैन भनेर कुरा गर्नै डराउँथे। महाभूकम्प पछि उत्पन्न जटिल परिस्थितिले त्यो डर भगाइदियो। उद्धार र राहत कार्यमा खटिएका विशेष गरी युवकहरुले आफ्नो शक्तिलाई बुझे जसले गर्दा उनीहरुलाई विस्तारै सङ्गठित हुन सजिलो बनायो। त्यो सङ्गठित भावनाले गोप्यरुपमा राजनीतिक र खुलारुपमा सामाजिक सङ्गठनहरु स्थापना गर्न हौसला दियो।

स्मरण रहोस् राणाकालमा जति पनि राजनीतिक र सामाजिक सङ्घसंस्था, सङ्गठन स्थापना भए ती सबैजसो महाभूकम्पपछि मात्र स्थापना भएको इतिहास छ। नेपालका चार महान वास्तविक शहीद दशरथ चन्द, शुक्रराज शास्त्री, धर्मभक्त माथेमा र गङ्गालाल श्रेष्ठ महाभूकम्पकै उपज हुन्। महाभूकम्पको सामाजिक र आर्थिक प्रभावबारे त सर्वविदितै छ। भूकम्प सुरक्षा दिवस मनाउने प्रचलन सुरु नहुँदासम्म पुराना पुस्ताका नेपालीका लागि ९० साल माघ २ गते एउटा बिर्सनै नसकिने घटनामा सीमित थियो भने नयाँ पुस्ताका लागि त्यो भूकम्प कुनै दन्त्यकथाजस्तो मात्र थियो। किनकि त्यसबाट कुनै पाठ सिकेर समुदायलाई भूकम्पीय सुरक्षातर्फ क्रियाशील बनाउने काम न त कुनै राज्यस्तरबाट भएको थियो न जनस्तरबाट। सबै भगवान भरोसामा

> प्रश्न भूकम्पको मात्र हैन। बाढी, पहिरो, आगलागी, लू, शीललहर, चट्याङ, हिमपहिरो आदि अनेकौं विपद् हामीले ऋतुअनुसार नियमित रुपमा भोग्नुपर्ने नियति बनेका छन्, जसलाई टार्न सकिदैन तर ती विपद्बाट जनधनलाई धेरै हदमा जोगाउन भने सकिन्छ। तर कसरी ? मूल प्रश्न र चुनौती यही नै छ। यसको समाधानको एकमात्र उपाय आजको नाराले बोकेको छ अर्थात् सुदृढ पूर्वतयारीका साथ।

थिए। २०५५ साल माघ २ गतेदेखि सार्वजनिक रुपमै भूकम्प सुरक्षा दिवस मनाउन थालिएपछि सबैको ध्यान भूकम्पप्रति आकृष्ट भयो र भूकम्प घरघरको र टोलटोलको चर्चाको विषय बन्यो।

हरेक वर्ष मनाइने भूकम्प सुरक्षा दिवसले एउटा नारा बोकेको हुन्छ। यस पटकको नारा 'भूकम्पले सिकाएको पाठ : बलियो संरचना र सुदृढ पूर्वतयारीका साथ' भन्ने छ। अहिलेसम्म देश र विदेशमा गएका भूकम्पहरुले सिकाएको एउटै पाठ के हो भने भूकम्प आफैंले मान्छे मार्दैन, तर भूकम्पले भत्काएका कमजोर संरचनाहरुले मान्छे मार्छ भन्ने नै हो। तसर्थ, हरेक संरचना बलियो बनाउनु पहिलो काम हो। तर हामी कहाँ अझै पनि किफायतको नाममा, कानुन मिचे ठूलो मानिन्छ बनिन्छ भन्ने भ्रममा, मुनाफा बढी कमाउने लालचमा सार्वजनिक निर्माण कम गुणस्तरको बनाउनेलगायत धेरै कारणहरुले संरचना जति बलियो बनाइनु पर्ने हो त्यसो हुन सकिरहेको छैन। भवन निर्माण संहिताको अक्षरशः कार्यान्वयन अझैसम्म पूर्ण सन्तोषजनक हुन नसक्नु कम चिन्ताको विषय होइन। यसमा कतिपय नीतिगत कमीकमजोरी पनि छन् भने कतिपय नियतगत्। ठेक्का प्रथाबाट निर्माण गरिने संरचनाहरु सार्बजनिक खरिद ऐनअनुरुप हुनुपर्ने र उक्त ऐनले कामको गुणस्तरलाई नभई न्यूनतम् मूल्यलाई मात्र प्राथमिकता दिने भएकाले पनि कतिपय ठूला, साना संरचनाहरु जति बलियोसँग निर्माण हुनुपर्ने हो त्यो नभएको पाइने गरेको छ।

बलियो संरचनाको सन्दर्भमा अर्को महत्वपूर्ण पाटो हो प्रबलीकरण अर्थात् रेट्रोफिट। नयाँ संरचना निर्माणको प्रारम्भदेखि नै तोकिएको मापदण्डअनुसार निर्माण गरेर संरचनालाई बलियो बनाउनुपर्छ भने पहिले नै बनिसकेका संरचनाहरुलाई प्रबलीकरण प्रविधिको माध्यमबाट बलियो बनाउन सकिन्छ। प्रबलीकरण कति भरपर्दो प्रविधि हो भन्ने तथ्यलाई २०७२ वैशाखको गोरखा भूकम्पले स्पष्टसँग प्रमाणित गरिसकेको छ। त्यो भूकम्प आउनुभन्दा केही वर्ष अगावै प्रबलीकरण गरिएका विशेष गरी केही सरकारी विद्यालय भवनहरुलाई गोरखा भूकम्पले क्षति नगरेको तर प्रबलीकरण नगरिएका विद्यालय भवनहरु भने धेरै भग्नावशेषमा परिणत भएका उदाहरण हामीसँग छन्। तसर्थ नयाँ निर्माण गरिने संरचना मात्र हैन पुराना संरचनाहरुलाई बेलैमा प्रबलीकरण गरी सुरक्षित पार्नु पनि त्यति नै जरुरी छ। यो सत्यलाई मनन् गर्दै नेपालमा पनि प्रबलीकरणका केही कामहरु उत्साहजनक रुपमा भएका छन्, कतै हुँदैछन्। जस्तै सबौच्च अदालत भवन, त्रिचन्द्र कलेजको पहिलो भवन आदि। नेपालका विभिन्न स्थानमा रहेका सरकारी, संस्थागत, निजी संरचनाहरु कतिपय ऐतिहासिक, धार्मिक, सांस्कृतिक महत्व बोकेका सम्पदाहरु छन्, जो जोखिमको अवस्थामा छन्। तिनलाई क्रमैसँग प्रबलीकरण गर्नु गराउनु राज्यको दायित्व हो। सबै संरचनाको प्रबलीकरण एकै आर्थिक वर्षभित्र गर्न सम्भव नहोला। तर चरणबद्ध रुपमा त्यस्ता महत्वपूर्ण पुराना संरचनाहरुलाई प्रबलीकरण गर्ने नीति, कार्ययोजना र कार्यक्रम राज्यसँग हुनु अपरिहार्य छ। प्रबलीकरणका लागि अहिले दश लाख रुपैयाँ खर्च गर्न गाहे मान्दा वा अलमल गर्दा भोलि कुनै पनि बेला दश करोडको क्षति हुनसक्ने सम्भावना अत्यधिक हुन्छ। स्पष्ट भूमिका र औचित्य नदेखिएको भनी आलोचना खेपिरहेको प्रत्येक प्रदेश सरकारले आफ्नो प्रदेशभित्रका पुराना महत्वपूर्ण संरचनाहरुको प्राविधिक अध्ययन गराई तिनलाई क्रमैसँग प्रबलीकरण गराएका प्रदेशका लागि मात्र हैन, देशकै लागि ठूलो योगदान हुनेछ। प्रबलीकरण प्रारम्भ गरिहाल्न नसके पनि अहिले त्यस्ता संरचनाहरुको प्राविधिक अध्ययन गराएर आगामी आर्थिक वर्षको योजनामा पारी प्रबलीकरण कार्यान्वयन गर्न सकिएमा ठूलो उपलब्धि हुनेछ। यो काम गर्न प्रदेश सरकारलाई कुनै ऐन, कानुन र अधिकारको अभावले छेक्दैन, इच्छा शक्तिकै अभाव छ भने बेग्लै कुरा हो।

प्रश्न भूकम्पको मात्र हैन। बाढी, पहिरो, आगलागी, लू, शीललहर, चट्याङ, हिमपहिरो आदि अनेकौं विपद् हामीले ऋतुअनुसार नियमित रुपमा भोग्नुपर्ने नियति बनेका छन्, जसलाई टार्न सकिदैन तर ती विपद्बाट जनधनलाई धेरै हदमा जोगाउन भने सकिन्छ। तर कसरी ? मूल प्रश्न र चुनौती यही नै छ। यसको समाधानको एकमात्र उपाय आजको नाराले बोकेको छ अर्थात् सुदृढ पूर्वतयारीका साथ। दर्जनौं रोगको एउटै अचुक औषधि भने जस्तै सबैखाले विपद्बाट जोगिने एउटै उपाय सुदृढ पूर्वतयारी नै हो। तर बिडम्बना हामी त्यसैमा कमजोर छौं। हरेक पटकको विपद्ले पूर्वतयारीमै कमजोर रहेको भनेर हामीलाई धिक्कारी रहे झैं प्रतीत हुन्छ। विपद्को पीडा कस्तो हुन्छ भन्ने अनुभूति विपद् भोगेको वास्तविक पीडितलाई मात्र थाहा हुन्छ, निरीक्षण गर्न गएकाहरुलाई हुँदैन। तसर्थ, सुदृढ पूर्वतयारी विश्वसनीय नभएसम्म विपद्को पीडाबाट जोगिन सकिएला भनेर ढुक्क हुन सकिदैन।

सुदृढ पूर्वतयारीका लागि सबैभन्दा प्रभावकारी र अपरिहार्य माध्यम भनेको स्थानीय निकाय नै हुन्। तर निकाय भएर मात्र हुँदैन, ती निकाय जनशक्ति र साधन स्रोत सम्पन्न हुनु पनि अपरिहार्य छ। कुनै पनि विपद्मा पहिलो मद्दतदाता (फस्ट रेस्पोन्डर) छिमेकी वा स्थानीय व्यक्ति नै हुन्छन्। त्यसैले स्थानीय निकायले हर घर परिवारलाई विपद्सँग पहिलो सामना गर्न सक्ने क्षमतावान बनाउनु पर्दछ। यसमा मुख्य तीन पक्ष पर्दछन्–पहिलो ठाउँको प्रकृतिअनुसार आउन सक्ने हरेक किसिमका विपद्सँग पहिलो सामना गर्न सक्ने ज्ञान भएको जनशक्ति, जस्तै छिमेकको घरमा आगलागी भयो भने नजिकका छिमेकीहरुले के गर्ने, के नगर्ने ?, दोस्रो पक्ष आधारभूत प्राविधिक सीप भएका स्वयंसेवकहरु, जस्तै नदी वा पोखरीमा डुबेको मानिसलाई बचाउन सक्ने, कृत्रिम श्वासप्रश्वास दिन सक्ने आदि दक्षता भएका। तेस्रो आधारभूत साधन स्रोत, जस्तै आपत्कालीन औषधि, घाइते बोक्ने स्ट्रेचर, ह्विलचियर, साबेल, पिक, डोरी, सवारीसाधन आदि। प्रत्येक स्थानीय निकायले वडा स्तरमा र वडामार्फत टोल टोल र गाउँघर, परिवारसम्म पुऱ्याउनु पर्दछ। यति तीन पक्ष पूरा गर्न कुनै ठूलो आकारको बजेट एकैपटक आवश्यक पर्दैन। चरणवद्ध रुपमा क्रमशः पूरा गर्दै लान सकिन्छ, निरन्तर कार्यक्रमका रुपमा। यसका लागि दुई कुरा मात्र आवश्यक छन्–स्थानीय तहका प्रत्येक जनप्रतिनिधिहरुमा इमान्दारी र इच्छा शक्ति। यी दुई कुराको अभाव छैन भने स्थानीय स्तरलाई सुदृढ पूर्वतयारीको विश्वसनीय आधारका रुपमा विकसित गर्न सकिन्छ, जो नेपाल जस्तो बहुविपद्को जोखिम भएको मुलुकका लागि अपरिहार्य हुन्छ।

अरु मुलुकहरुमा जस्तै नेपालमा पनि मितिअनुसार पूर्व निर्धारित विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरु मनाइन्छ। औपचारिक कार्यक्रममा तामझाम गरेर दिवस मनाउनु एउटा कुरा हो तर दिवसको उद्देश्यअनुसार कुनै ठोस काम गरेर त्यो एक दिनका लागि मात्र हैन दिगो प्रभाव पार्न सकियो भने मात्र कुनै पनि दिवस मनाउनुको सार्थकता रहन्छ र यो अलि बेग्लै कुरा हो। आमसञ्चार माध्यमहरुलाई मात्र केही बेर काम लाग्ने, आमजनमानसलाई कुनै लाभ नहुने गरी दिवस मनाउने हो भने हामी जति यात्रा गरे पनि जहाँको त्यहीं रहेको स्थुल प्राणी जस्तो हुनेछौं। तसर्थ, हरेक दिवस मनाउँदा अघिल्लो वर्षको दिवस मनाउँदा भन्दा यति कदम अगाडि बढन सफल भइयो भन्ने आत्मसन्तोषको स्पष्ट अनुभूति पाउन सक्नुपर्दछ। अर्को माघ २ गते २८ औं भूकम्प सुरक्षा दिवस मनाउँदा त्यस्तो अनुभूति अनुभव हुने गरी हामी सबैले काम गरौं।

## सम्पादकीय

# राष्ट्रिय परिचयपत्रको विचाराधीन पक्ष

जन्म आफैमा परिचयबोधक हो। जन्मले नै स्थान, परिवार, स्थल लगायतका परिचयबोधक प्रमाण भएको अवस्थामा सरकारी तथ्यांक, अभिलेख, कानुनी संरचना अन्तर्गत जन्म दर्ता, नागरिकता प्रमाण पत्रको व्यवस्थापन गरिएको छ। यो व्यवस्था जे जस्तो भए पनि सरकारी बाध्यात्मक व्यवस्थाको पालन जन्म लिएका, बसिरहेकाले गरी नै रहेका छन्। पाइला-पाइलामा परिचय पत्र पेश गर्नु पर्ने देशका नागरिक भएको अवस्थामा अबदेखि राष्ट्रिय परिचय पत्रको भारी बोकाइँदै छ। जन्म पत्र, नागरिकता पत्र, शैक्षिक पत्र, बसाइ पत्र, स्थानीय निकाय पत्र, अपांग पत्र, विद्यार्थी पत्र, वृद्ध पत्र, कर्मचारी पत्र, असहाय पत्रलगायतको व्यवस्था हुँदा हुँदै राष्ट्रिय पत्रको व्यवस्थाको भारी बोकाउने सरकारी अवधारणाले समस्याको पहाड् उभ्याउनु हो। नागरिकता प्राप्त गर्दा खेरिको जिल्ला प्रशासनको जटिलताबाट राहतको श्वास.फेर्न भएकालाई पुनःराष्ट्रिय पत्रको अनिवार्यको भारी बोकाइने कानुनी व्यवस्था सरकारले गर्नु कति न्याय संगत होला विचारणीय पक्ष बनेको छ। अदालतमा विचाराधीन रहेको अवस्थामा सरकारी यो व्यवस्थाले अदालतमा फेरि बहस होला, अदालतको फैसला विरुद्धको सरकारी आदेशको आयु कति होला? लगायत सबाल जनमानसमा हुनुलाई स्वभाविक नै मान्नु पर्छ। विडम्बना के छ भने राष्ट्र बैंकको निर्देशन आफैमा व्यवआरिक देखिएको छैन। राष्ट्रिय परिचय बनाउँदा सम्पूर्ण आधार नागरिकताको हुने अनि राष्ट्रिय पत्रको आवश्यकता किन ? राष्ट्रिय परिचय पत्रको कानुनी प्रक्रिया पूरा गर्न निर्धारित दिनमा घण्टौं कुर्न पर्ने, परिचय पत्र आएको सूचना एक वर्षपछि प्राप्त हुने अवस्था छ। मुख्य रुपले विचारणीय पक्ष के हो भने हरेक कुरा नागरिकता प्रमाण पत्र भएको अवस्थामा राष्ट्रिय परिचयको आवश्यकता बैंकलाई किन परेको हो ? नागरिकताको विकल्प राष्ट्रिय परिचय पत्रलाई किन बनाइँदैछ। राष्ट्रिय परिचय पत्र एक वर्ष पछि आउँला तर बैंकले ग्राहकको पहिचान तथा पुष्टिको आधार राष्ट्रिय परिचय पत्रलाई बनाउनु आफैमा सोचनीय विषय हो। सर्वोच्च अदालतमा विचाराधीन मुद्दालाई ध्यानमा नदिइ बैंकले खाता खोल्न राष्ट्रिय परिचय पत्रलाई अनिवार्य गर्नु ग्राहकलाई समस्या र अदालतको आदेशको संवेदनशील पक्षको उपेक्षालाई संकेत गरेको छ। बैंकहरुमा नाफाको दर बढ्दै गइरहेको छ। खातावालहरुको सुविधा न्यून गर्ने क्रम जारी, बैंकले ऋणीहरुको जग्गा बिक्री गरिदिने, जम्मा भएको रकम हिनामिना गरेका घटनाक्रमप्रति गम्भीर नहुने तर ग्राहकलाई जटिलताको भारी बोकाइने नीतिले जनहितकारी को संज्ञा पाउन सक्दैन। बैंकहरु सम्पन्न हुने, सुरक्षित हुने तर जम्मा गर्ने रकममा व्याज दर घटाउने, न्यून गर्दै जाने अवस्था आफैमा पनि गम्भीर रहेको अवस्थामा राष्ट्रिय परिचयपत्रको अनिवार्यता धरातलीय परिवेश सुहाउँदो नदेखिंएकाले विचारणीय छ।

# अहिलेको सन्दर्भमा समाजवादको सही बाटो कसरी पहिल्याउने ?



सुरेन्द्र पाण्डे

मार्क्सका अनुसार समाजमा दुई प्रकारका वर्ग हुन्छन्- एउटा सर्वहारा वर्ग र अर्को पुँजीपति वर्ग। एउटा उत्पादन गर्ने वा भनौं पुँजीपति वर्ग, जसले श्रमिकको उत्पादनलाई बेचेर मुनाफा खान्छ। अर्कोचाहिँ उत्पादनमा संलग्न भएर पनि वितरणमा कुनै भूमिका नहुने सर्वहारा वर्ग।

तर मार्क्सदेखि यहाँसम्म आइपुग्दा संसारमा उनकै विचारलाई आधार मानेर धेरैले उत्पादनको आधारमा मात्र वर्ग निर्धारण हुन्छ भनेर व्याख्या-विश्लेषण गरेका छन्। यसलाई धेरै अगाडिदेखि नै कतिपय अर्थशास्त्री, खासगरी निओ अर्थशास्त्रीले खण्डन गर्दै आए।

अहिले संसार कहाँ छ भनेर हेर्नुपर्छ। विश्व व्यवस्थामा मार्क्सले चर्चा गरेको समय सन् १८४८ बाट यता आउँदा झण्डै २ सय वर्ष गुज्रेको छ। मार्क्सले त्यति बेला भौतिक अवस्था अनुसार जे देखे, त्यही अनुसार लेखे। उनी आजको संसारमा भइदिएको भए कयौं अमिल्दा कुरा लेख्दैन थिए। जस्तो कि, उनले समाजमा दुई वटा वर्गको कुरा गरेका छन्। अहिलेको सन्दर्भमा उत्पादनको आधारमा मात्र वर्ग निर्धारण हुँदैन। वर्ग निर्धारण गर्ने फ्याक्टर अरू पनि हुन्छन्। उदाहरणका लागि विनिमय बजार। एउटाले उत्पादन गर्छ, वितरण गर्न अरू नै आउँछन्। उपभोक्तासम्म पुग्दा उत्पादकले भन्दा बिचको वितरकले धेरै मुनाफा खान्छ। त्यसलाई के वर्ग भन्ने ? जो उत्पादक होइन, जसले प्रत्यक्ष श्रमको शोषण पनि गर्दैन। तर उत्पादकले भन्दा बढी मुनाफा गर्छ भने त्यसलाई कुन वर्ग भन्ने ? यो प्रश्न मार्क्सले त्यति बेला देखेका थिएनन्।

त्यति बेला धेरै मानिस म्यानुफ्याक्चर उद्योगमा आवद्ध थिए। दैनिक १६/१७ घण्टासम्म काम गर्नुपर्ने र पुँजीपतिले श्रमिकको श्रम बेचेर मुनाफा खाने गर्थे। अत्यधिक मुनाफा म्यानुफ्याक्चरिङ उद्योगीको हातमा जाने कुरालाई त्यतिबेलाको ज्वलन्त समस्या देखेर नै मार्क्सले समाजमा कि त पुँजीपति, कि सर्वहारा वर्ग हुन्छन् भनेर लेखिएको हो। समाजमा यही ध्रुवीकरण बढ्दै श्रमिकको कोटीमा या पुँजीपतिको कोटीमा रूपान्तरित हुन्छ भन्ने परिकल्पना उनले गरेका थिए। यहाँसम्म आइपुग्दा मार्क्सले चित्रण गरेजस्तो अवस्था देखा परेन।

दोस्रो, उत्पादनको आधारमा मात्र मार्क्सले व्याख्या गरे। वितरणको बिचमा विनिमय गरेर आर्जन गर्ने अर्को वर्ग हुन्छ, जो उत्पादनसँग सम्बन्ध राख्दैन। यसमा मार्क्सले व्याख्या गरेन वा देखेनन्। त्यति बेला यस्ता पुँजीपतिहरूको उदय भइसकेको थिएन।

मार्क्सले देख्न नसकेको अर्को कुरा भनेको समाजमा सत्ताले वर्ग सिर्जना गर्छ कि गर्दैन ? यसतर्फ उनले परिकल्पना गरेनन्। श्रमिकहरू सधैं पीडितमात्रै हुन्छन् भन्ने आधारमा उनले व्याख्या गरे। श्रमिकको हातमा कुनै पनि उत्पादनको साधन हुँदैन भनेर व्याख्या गरे। तर यी श्रमिकले कुनै सत्ता लिए भने, सत्ता लिएको श्रमिकको हातमा राजनीतिक शक्ति हुँदा तल भएका श्रमिक काम नगरी धनी हुन्छन् कि हुँदैनन् ? जस्तैः अहिले राजनीतिक दलका नेताहरूले उत्पादनका कुनै कारखाना खोलेका छैनन्। कुनै पनि उत्पादनको साधनसँग जोडिएका छैनन्। तर हरेक राजनीतिक परिवर्तनमा लागेका राजनीतिक दलहरूका कार्यकर्ता वा स्वयं कम्युनिस्टहरू सत्ताको प्रयोगबाट धनी भएका छन् कि छैनन् ? यसलाई कसरी हेरिन्छ ? यो वर्ग होइन ? शक्तिहीनले पनि सत्ता निर्माण गर्दो रहेछ। आवाजविहीनले सत्ता निर्माण गर्दो रहेछ। विनिमयबाट पनि मुनाफा खाँदो रहेछ। उत्पादकले पनि नाफा खाँदो रहेछ। यसकारण विभिन्न हिसाबले वर्ग बन्दोरहेछ भन्ने मार्क्सले देखेनन्। केवल एउटा कुरालाई उनले व्याख्या गरे।

चौथो, त्यति बेला मार्क्सले देख्न नसकेको शिक्षाको विकास होला। पुँजीवादी मुलुकमा पनि मजदुरको आन्दोलनले नीतिमा परिवर्तन होला। आम नागरिकको प्रभाव, पहुँच बढ्दै जान्छ, उनीहरूलाई उत्पादन गरेर खाने एउटा क्षमता पैदा हुन्छ। त्यसले उनीहरूको वर्ग हैसियतमा परिवर्तन आउँछ भन्ने कुरा मार्क्सले देखेनन्। उनले माथिका वर्ग तल झर्छन् भन्ने मात्र देखे। तलका माथि जान्छन् भन्ने परिकल्पना नै गरेनन्। यस्ता खालको पृष्ठभूमि बेगर समाजवाद के हुन्छ होला ? समाजको रूपान्तरण कसरी हुन्छ होला भनेर परिकल्पना गर्नुभयो भने बढी यान्त्रिक र एकपाखे वा अहिलेको वस्तुगत अवस्थाको मूल्याङ्कन नगरेर बन्द कोठामा बसेर समाजवाद र साम्यवादको गफ गरेजस्तो हुन्छ।

त्यसकरण सबैभन्दा पहिला समाजको रूपान्तरण कसरी भइरहेको छ ? समाजमा कस्ता-कस्ता वर्ग सिर्जना भइराखेका छन्। वर्ग भनेको आफैंमा पनि प्रक्रिया रहेछ, स्थिर कुरा होइन रहेछ। वर्ग परिवर्तनशील विषय रहेछ। हिजो सामन्तवादी, पञ्चायत वा राजा सरकारमा थियो। शक्तिको कारणले आर्जन गर्थ्यो। हामीले सम्पूर्ण रूपमा वर्ग दुस्मन किटान गऱ्यौं। आन्दोलनले उसलाई सडकमा फालिदियौं। मानौं, त्यतिबेलाका विपक्षी दलहरूले पञ्चलाई दुस्मन करार गरेको थियो। आन्दोलनबाट दलहरू सत्तामा पुगे, पञ्च सडकमा पुग्यो। अब सत्तासीन वर्ग को हो ? उनीहरूको अवस्था नाजुक छ कि छैन ? ती नाजुकसँग लड्न खोजेको हो कि शक्तिसँग लड्न खोजेको हो ? यी सबै कुराको ख्याल गरेर वर्गहरू परिवर्तनशील कुरा रहेछ, पावर, उत्पादनका साधनमाथिका पहुँच, बिक्री तथा व्यापारिक सम्बन्धको कारणले, सामाजिक हैसियतको कारणले वर्गहरू परिवर्तन हुन्छन्। अझ उपभोगका कारणले पनि वर्ग परिवर्तन हुन्छन्। कोही मानिस अत्यधिक सुखसयलमा बस्छन् तर उत्पादन छैन।

कम्युनिस्ट पार्टी वा सडकबाट दुःख पाएर आएको मान्छे तर सत्तामा पुगेर ती कुरालाई छोडिदियो भन्ने भयङ्कर प्रश्न अहिले उठिरहेको छ। यो प्रश्नको उत्तर नखोजी समाजवादको उत्तर खोज्न सकिँदैन।

> समाजवाद मजदुर, किसान, दुःख पाएका मान्छेलाई हेरेर परिकल्पना गरेको हो भने समाजमा प्रतिबिम्बित भएका वर्ग संरचनालाई विश्लेषण नगरी समाजवादको प्रारूप कसरी किटान गर्न सकिन्छ ?

वर्ग स्थिर, एकै ठाउँमा अडिने कुरा होइन। वर्ग परिवर्तनशील कुरा रहेछ। विभिन्न फ्याक्टरले वर्ग परिवर्तन हुन्छ भन्ने कुरा स्वीकार गर्नुपर्छ। त्यसभित्र श्रमिक र सुखभोग गर्ने को हुन् भन्ने कुरा सीमा निर्धारण गर्नुपर्छ। त्यसपछि मात्र पार्टीले श्रमिक, मजदुर, किसान वर्गप्रति लिने नीति समाजवादउन्मुख भन्न सकिन्छ। त्यसैले यी कुराको नयाँ किटानी गर्न जरुरी छ। त्यसपछिमात्र समाजवादका आधारभूत कुरामा प्रवेश गर्न सकिन्छ।

### अब कम्युनिस्ट पार्टी कस्तो हुनुपर्छ ?

कम्युनिस्ट पार्टी क्याडर बेस्ड बनाउने कि मास बेस्ड बनाउने अर्को पाटो हो। तर यी दुवै कुरा आजको आवश्यकता हो। पहिलो कुरा क्याडर र मास कसरी बन्छ भन्ने बुझ्न जरुरी छ। क्रान्ति दुई प्रकारले हुन्छ। क्रान्ति बलजफती एउटा ठुलो सामाजिक रुपान्तरणको धक्का दिएर पनि हुन्छ। अर्को, सामाजिक रूपान्तरण र 'इभोलुसन' बाट पनि हुन्छ। मार्क्सले 'इभोलुसन'बाट सामाजिक रूपान्तरण हुँदैन भनेका छन् र ? 'त्यो लामो, बडो झन्झटिलो, प्रतीक्षा गर्न कठिन हुन्छ तर क्रान्तिले धक्का दिएर ड्याम्मै ढाल्छ। त्यसकारण हामीले क्रान्तिको बाटो लिएको' भनेका छन्। सकिन्छ भने 'इभोलुसन'बाट नोक्सान नगरी जाने हो। यो बाटो रक्तपातपूर्ण पनि हुँदैन भनेर मार्क्सले भनेका छन्। क्रान्ति गर्ने हो भने क्याडर चाहियो। 'इभोलुसन'मा जाने हो भने सबै मानिस उत्पादनमा सरिक हुनुपऱ्यो। अहिलेका कम्युनिस्ट पार्टीका कार्यकर्ताहरू बलजफती सत्ता लिने ठाउँमा छन् त ? चुनाव गरेर जाने होइन ? चुनाव गरेर जाने भए क्याडर चाहिन्छ कि भोट चाहिन्छ ? मास चाहिएन ? कुन बाटो हिँड्ने भन्ने प्रश्नको उत्तर यिनै प्रश्नबाट पाउन सकिन्छ। कागजमा के लेखेको छ, त्यसलाई छोडिदिए हुन्छ।

हिजो राज्यसत्ता बलजफती ढाल्न सबै कुरा बुझेका सचेत मानिसको जत्था चाहिने हुँदा क्याडरको भूमिका बढी थियो। आज मार्क्सको भूमिका बढेर गएको छ कि छैन ? अहिले २०/५० हजार क्याडर बनाएर दुई वर्षभित्रम सत्ता कब्जा गर्न सकिन्छ ? जाजुल्य भएर हिँड्न सकिने अवस्था अहिले छैन। त्यही भएर अहिले शान्तिपूर्ण बाटोमा हिँडेको होइन ? यो विश्वपरिवेश र नेपालको परिवेश हेरेर निर्णय भएको हो।

लेनिनको संगठनात्मक सिद्धान्त पनि व्यावहारिक कुरा हो। बलजफती कुनै निर्देशन पालना गर्न वा गराउन सकिँदैन। लेनिनले एउटा कठोर अनुशासन निर्णय कार्यान्वयन गरेका थिए। त्यसैगरी अहिले पालना गरेको निर्णय मासले त्यतिकै लागु गर्छ ? बलजफती भोट हाल भनेर कसैले मान्छ ? हाम्रो पार्टीको हाइकमाण्डले गरेको निर्णयको आधारमा कसैले भोट हाल्छ ? यो पनि समय सान्दर्भिक कुरा हो। यस्ता कुरालाई बुझेर नै अहिलेको सन्दर्भमा समाजवादको सही बाटो पहिल्याउन सकिन्छ।

अहिले मानिसले धेरै प्रश्न उठाइरहेका छन्। आजका नेताहरू कुनै समय चप्पल पड्काएर काठमाडौं आएका थिए। सुखसयलमा बसे भनेर अर्को पक्षले आलोचना गरिरहेको छ। यो कुरा सत्य हो कि उत्पादनका औपचारिक केही साधन छैन। तर नेताहरूको जीवनशैली बडो गजबको देखिन्छ। यसलाई बेवास्ता गरेर समाजवाद केसँग लडेर ल्याउनुहुन्छ ? सबैभन्दा पहिला समाजवाद हो के ? समाजवाद मजदुर, किसान, दुःख पाएका मान्छेलाई हेरेर परिकल्पना गरेको हो भने समाजमा प्रतिबिम्बित भएका वर्ग संरचनालाई विश्लेषण नगरी समाजवादको प्रारूप कसरी किटान गर्न सकिन्छ ? त्यसकारण यी कुरासहित अबको समाजवादको व्याख्या गरिनुपर्छ।

## काांग्रेस नेता कोइराला र अनमिनका तत्कालीन नेपाल प्रमुखबीच भेटवार्ता

काठमाण्डु । नेपाली काांग्रेसका नेता डा शेखर कोइराला र तत्कालीन नेपालको शान्ति प्रक्रियामा महत्वपूर्ण भूमिका खेलेका अनमिनका नेपाल प्रमुख इयान मार्टिनबीच भेटवार्ता भएको छ ।


बेलायतको भ्रमणमा रहनुभएका डा कोइराला र मार्टिनबीच नेपालको शान्ति प्रक्रियाका विविध विषयमा छलफल भएको थियो । भेटमा मार्टिनले अहिलेसम्म पनि नेपालको शान्ति प्रक्रिया नटुङ्गिएकाले यसलाई चाँडोभन्दा चाँडो टङ्गोमा पुऱ्याउन सुझाव



दिनुभएको थियो ।

नेता कोइरालाको निजी सचिवालयका अनुसार उहाँले शान्ति प्रक्रियाका कुरालाई लामो समयसम्म राख्न नहुने बताउनुभएको थियो । तत्कालीन समयमा विद्रोहमा रहेको दल समेत निर्वाचन प्रक्रियामा प्रवेश गरिसकेको र अहिले नेपालमा कुनै पनि हिंसा नरहेकाले सङ्क्रमणकालीन न्यायलाई चाँडो टुङ्ग्याउन मार्टिनले डा कोइरालालाई आग्रह गर्नुभएको थियो ।रासस

# लक्ष्यप्राप्ति गर्न तदारुकता र समन्वयको खाँचो छ : अध्यक्ष दाहाल



काठमाण्डु । राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले दिगो विकासको राष्ट्रिय लक्ष्यको अठोटलाई पूरा गर्न संसदीय समितिले क्षमताले भ्याएसम्म काम गरिरहेको बताउनुभएको छ।

विकास, आर्थिक मामिला तथा सुशासन समितिको बुधबारको बैठकमा अध्यक्ष दाहालले दिगो विकासको लक्ष्यलाई पूरा गर्ने सन्दर्भमा समितिले तदारुकता र सक्रियताकासाथ काम गरेको घटना स्मरण गराउनुभयो ।

उहाँले भन्नुभयो, “दिगो विकासको लक्ष्य प्राप्त गर्न सरकार र संसद्का अतिरिक्त सरोकारवाला सवै निकायको तदारुकता र समन्वयको खाँचो छ, सहयोग र समन्वयको अभावमा एउटा योजनामा तीन तहकै सरकार तथा बेग्लाबेग्लै मन्त्रालयको बजेट परेको छ ।”

दिगो विकासका लागि अत्यावश्यकीय शर्त शिक्षा, स्वास्थ्य, खानेपानी, गरिबी निवारण, सूचना तथा सञ्चारलगायत क्षेत्रमा केही प्रगति भएजस्तो देखिए पनि गुणस्तरको प्रश्न गम्भीर रुपमा रहेको उल्लेख गर्दै अध्यक्ष दाहालले तथ्याङ्कमा अब्बल देखाउने होडबाजीले वास्तविकता ओझेलमा परिरहेको धारणा राख्नुभयो ।

समितिका सभापति कमलादेवी पन्तले दिगो विकासको लक्ष्य प्राप्तिलाई प्रचारप्रसार मात्र सीमित नतुल्याइ परिणाममुखी बनाउन सामूहिक प्रयत्नको खाँचो औँल्याउनुभयो ।

सङ्घीय संसद् सचिवालयका सचिव डा रोजनाथ पाण्डेले केन्द्रमा मात्र नभई कतिपय प्रदेश र स्थानीय तहमा आर्थिक अनुशासन उलङ्घन हुनेगरी विनियोजित शीर्षकभन्दा बाहिर गएर खर्च गर्ने प्रवृत्ति बढेको उदाहरण प्रस्तुत गर्नुभयो ।

राष्ट्रिय योजना आयोगका सचिव मधुकुमार मरासिनीले दिगो विकासको लक्ष्य प्राप्तिको स्रोत अनुमान र मध्यकालीन खर्च व्यवस्थानका विषयमा विभिन्न कोणबाट गृह कार्य गरिरहेको बताउनुभयो । उहाँले परम्परागत र सरकारी राजस्वले मात्र लक्ष्यप्राप्ति गर्न नसक्ने भएकाले सरकारले निजी क्षेत्रका लागि लगानीको वातावरण बनाइदिन जरुरी रहेको धारणा राख्नुभयो ।

दिगो विकासको लक्ष्यसम्बन्धी विषयविज्ञ राकेश कर्णले राज्यले प्रत्येक वर्ष राजस्वको लक्ष्य बढाउँदा सेवाको गुणस्तर बढाउने कार्यक्रम तर्जूमा गर्नुपर्ने आवश्यकता रहेको बताउनुभयो । यसअघि बैठकमा समितिका सदस्यहरुले दिगो विकासको लक्ष्य प्राप्तिका लागि सरकार र संसद्बीच साझा धारणा तथा समन्वयको खाँचो औँल्याउनुभयो ।

समितिले गरेको नेपालमा दिगो विकासको लक्ष्य कार्यान्वयनको स्थिति अध्ययन तथा मूल्याङ्कनसम्बन्धी प्रतिवेदनमा बजेट अनुशासन पालना एवं सङ्केतीकरण प्रभावकारी बनाउन सुझाव दिइएको छ। रासस

# सुशासन र विकासका लागि जरुरी भएकाले अध्यादेश ल्याइएको हो : प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले सुशासन र विकासका लागि जरुरी भएकाले विभिन्न अध्यादेश ल्याइएको बताउनुभएको छ। सरकारमा रहेका प्रमुख दलका शीर्ष नेता, विज्ञ तथा सरोकार भएका पक्षसँगको सघन छलफलपछि अध्यादेश ल्याइएको उहाँले बताउनुभयो ।



सरकारको सिफारिसमा हालै राष्ट्रपति रामचन्द्र पौडेलबाट जारी भएका अध्यादेशका सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बुधबार आयोजित पत्रकार सम्मेलनमा प्रधानमन्त्री ओलीले जारी गर्नैपर्ने भएकाले बहुतै सावधानी र मेहनताका साथ अध्यादेश सिफारिस गरिएको बताउनुभयो ।

“सरकार टिकाउने मात्रै हाम्रो काम होइन, सरकार त आफैं टिकिहाल्छ । यसलाई सफल बनाउनु र परिणाम दिनु हाम्रो मुख्य जिम्मेवारी हो”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “यी अध्यादेश यस रुपमा आउन सक्नुले सरकारको सुशासन र विकासको प्रतिबद्धता ज्वलन्त रुपमा प्रकट भएको छ। पूर्ण सहमतिमा अध्यादेश आएको छ । अध्यादेश राष्ट्रपतिबाट रोकिएको हल्ला चलाइयो । भूमिसम्बन्धी अध्यादेश अध्ययनका क्रममा रहेको मात्रै थियो, रोकिएको थिएन । अध्यादेशको विरोध भयो भनेर नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाबारे नक्कली विज्ञप्ति आयो । यी सबै भ्रमहरु चिरिएका छन् । सरकार ढल्यो भन्नेहरुका प्रयास विशाल नदीको किनारमा बसेर छेउबाट ढुङ्गा हानेर नदी छेक्ने प्रयास मात्रै हुन् ।”

> “सरकार टिकाउने मात्रै हाम्रो काम होइन, सरकार त आफैं टिकिहाल्छ । यसलाई सफल बनाउनु र परिणाम दिनु हाम्रो मुख्य जिम्मेवारी हो”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “यी अध्यादेश यस रुपमा आउन सक्नुले सरकारको सुशासन र विकासको प्रतिबद्धता ज्वलन्त रुपमा प्रकट भएको छ ।

प्रधानमन्त्री ओलीले सत्तारुढ दुवै दलका शीर्ष नेतृत्व र विज्ञसँगको सघन छलफल तथा उद्यमी, व्यवसायीको सुझाव समेतका आधारमा अध्यादेश ल्याइएको उल्लेख गर्दै अन्य विधेयकको तयारी भएको र संसद् सुरु भएको पहिलो दिनमै अध्यादेश पेस गर्ने तथा प्रतिस्थापन विधेयक ल्याएर ६० दिनभित्र पारित गर्ने बताउनुभयो । उहाँले यथोचित समयमा संसद् आह्वान हुने पनि जानकारी दिनुभयो ।रासस

# सभापति लामिछानेलाई साठी लाख धरौटीमा रिहा गर्न आदेश

काठमाण्डु । जिल्ला अदालत काठमाडौँले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई सहकारी ठगी प्रकरणमा रु ६० लाख धरौटीमा रिहा गर्न आदेश दिएको छ । न्यायाधीश माधवप्रसाद अधिकारीको इजलासले उक्त आदेश गरेको हो ।

गोरखा मिडिया नेटवर्कमा कानुनविपरीत स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाबाट रु पाँच करोड ७८ लाख ९८ हजार चार सय ८० लगेको प्रहरीको अनुसन्धानमा उल्लेख थियो । सभापति लामिछानेविरुद्ध रु पाँच करोड ७८ लाख ९८ हजार चार सय ८० बिगो माग दाबी गरिएको थियो ।

सभापति लामिछानेकोतर्फबाट वरिष्ठ अधिवक्ता सुशील पन्त र रमण श्रेष्ठले बहस गर्नुभएको थियो ।



बचतकर्ता (जाहेरवाला) को तर्फबाट जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख रामहरि शर्मा काफ्ले, जिल्ला न्यायाधिवक्ता खडिन्द्रराज कटुवाल र सहायक न्यायाधिवक्ता गणेशकुमार शर्माले जवाफी बहस गर्नुभएको थियो। पीडितकोतर्फबाट वरिष्ठ अधिवक्ता डा सुरेन्द्र भण्डारी र डा दिनेश त्रिपाठी बहस गर्नुभएको थियो ।रासस

# भूकम्पबाट हुनसक्ने मानवीय क्षति कम गर्न भवन निर्माण ऐन कार्यान्वयनमा जोड

मोरङ । कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री रेवतीरमण भण्डारीले भूकम्पबाट हुने मानवीय क्षति न्यूनीकरण गर्न भवन निर्माण ऐनलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभएको छ ।

प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयद्वारा बुधबार विराटनगरमा २७औँ राष्ट्रिय भूकम्प सुरक्षा दिवसका अवसरमा आयोजित कार्यक्रममा उहाँले प्रदेश सरकारले भवन निर्माण ऐन ल्याउने तयारी गरिरहेको बताउनुभयो ।

उक्त ऐनमा मन्त्रालयका प्राविधिकद्वारा अनुगमन गरी नक्सापासको स्वीकृति दिने प्रावधान रहेको मन्त्री भण्डारीले जानकारी दिनुभयो । उहाँले सरकारले सुरक्षा निकायलाई साधन सम्पन्न बनाएर विपद्को जोखिममा क्षति न्यूनीकरणका लागि कार्य गरिरहेको बताउनुभयो ।

भौतिक पूर्वधार विकास मन्त्रालयका सचिव अशोक साह, इञ्जिनीयर अरविन्द बस्नेत र कानुन मन्त्रालयका सहसचिव कमल थापाले भवन निर्माण गर्दा अपनाउनु पर्ने कार्यविधि, भूकम्प आउँदा कसरी सुरक्षित हुनेलगायत विषयमा जानकारी प्रस्तुत गर्नुभएको थियो ।

विपद् जोखिम समन्वय विज्ञ रामकुमार दाहालले भूकम्प प्रतिरोधी बलियो संरचना निर्माण, सुदृढ पूर्वतयारी र सचेतना यसअघि आएका भूकम्पले सिकाएको पाठ भएको बताउनुभयो ।

भूकम्पबाट हुनसक्ने क्षति न्यूनीकरण गर्न भूकम्प प्रतिरोधी भवन निर्माण गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।रासस

# भौतिक विकासको प्रतिस्पर्धामा हिमालको अस्तित्व जोगाउनुपर्ने चुनौती

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले जलवायु परिवर्तनको असर कम गर्दै हिमालको अस्तित्व र पहिचान जोगाउनुपर्ने चुनौती रहेको बताउनुभएको छ ।

बुधबार आयोजित एभरेष्ट टुरिजम अवार्ड, २०२५ का अवसरमा पर्यटन क्षेत्रमा विशिष्ट योगदान पु-याउनुहुने व्यक्तित्वलाई सम्मान गर्दै उहाँले धनी मुलुकले गरिरहेको भौतिक विकासको प्रतिस्पर्धामा हामीसँग हिमाल जोगाउने चुनौती रहेको बताउनुभएको हो।




“हिमालको हिउँ पग्लँदै गर्दा हिमाल, पहाड र तराईमा मात्रै असर गर्दैन, यसले समुन्द्रसम्म र समग्र पृथ्वीमा असर गर्छ, त्यसैलै विश्वको पारिस्थितिक प्रणाली जोगाउन पनि हिमाल बचाउनुपर्ने आवश्यकता छ”, उहाँले भन्नुभयो । मन्त्री पाण्डेले मन्त्रालय यसका लागि सदैव तयार रहेको उल्लेख गर्दै हिमाल जोगाउन निरन्तर अघि बढ्ने प्रतिबद्धता जनाउनुभयो ।

नेपाल भौतिक र पुरातात्विक संस्कृतिले धनी रहेको बताउँदै उहाँले सांस्कृतिक विविधताको सदुपयोग गर्दै पर्यटकीय गतिविधि बढाउनुपर्नेमा जोड दिनुभयो। “आज मुलुकको पर्यटन क्षेत्रको विकासमा योगदान पु-याउनुहुने व्यक्तित्वलाई सम्मान गर्न पाउँदा खुसी लागेको छ“, मन्त्री पाण्डेले भन्नुभयो, “उहाँहरुले कोरेको पर्यटनको बाटोबाटै पर्यटन क्षेत्रको विकास सम्भव छ।”रासस

# तत्काल संसद् अधिवेशन आह्वानको माग

काठमाण्डु । प्रतिपक्षी राजनीतिक दलका नेताले तत्काल संसद् अधिवेशन आह्वान गर्न माग गरेका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) संसदीय दलको कार्यालयमा बुधबार भएको विपक्षी दलहरुको बैठकले जनसरोकारका विषय र कानुनका निर्माणबारे छलफल गर्न तत्काल संसद् अधिवेशन आह्वानको माग गरेको हो ।

“जनप्रतिनिधिको संस्थालाई छलेर सरकारले यसरी नै काम अघि बढाइरह्यो भने संसद्को विशेष अधिवेशनसमेत बोलाउन प्रयास हाम्रो समझदारी बनेको छ”, माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले बैठकपछि भन्नुभयो ।

संविधानअनुसार संसद् अधिवेशन वा बैठक बोलाउन वाञ्छनीय छ भनी प्रतिनिधिसभाको सम्पूर्ण सङ्ख्याको एकचौथाइ सदस्यले लिखित अनुरोध गरेमा राष्ट्रपतिले बैठक आह्वान गर्न सक्ने व्यवस्था छ ।

विशेष अधिवेशन आह्वानको प्रस्ताव राष्टपतिसमक्ष प्रस्तुत गर्न कम्तीमा ६९ सदस्यको हस्ताक्षर आवश्यक हुन्छ ।रासस

## कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि शाखा कार्यालय जलेश्वर (महोत्तरी) को ३५ दिने सूचना

यस बैंकबाट तपसील बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार मौखिक, लिखित तथा कर्जा बुझाउने बारेको २१ (एक्काईस) दिने सूचना पत्रपत्रिकामा प्रकाशन गरी ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज लगायतका रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिन भित्र बुझाउन यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा नेपाल राष्ट्र बैंकबाट जारी कालोसूची सम्बन्धी निर्देशन र कृषि विकास बैंक लि.को प्रचलित कर्जा असुली कार्यबिधि बमोजिम ऋणी व्यक्ति/फर्म/कम्पनी र सोको प्रोप्राईटर/साझेदार/सञ्चालकहरु तथा बैंकबाट कर्जा लिन धितो मञ्जूरीनामा/व्यक्तिगत जमानतदिनेहरु समेतलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गरी अन्य आवश्यक कानूनी कारबाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ।

तपशिल

**१) कर्जा ग्राहकको नाम :श्री नरसिंह कन्स्ट्रकसन प्रा.लि. (Cs.ID. ९४४७४५)**

| ऋणीको नाम | ठेगाना | दर्ता न र मिति | दर्ता भएको कार्यालय | पान न. र मिति | लगानीमा रहिरहेको रकम | बाँकी व्याज २०८१ मंसिर १ गते सम्मको |
|---|---|---|---|---|---|---|
| नरसिंह कन्स्ट्रकसन प्र.लि. | जलेश्वर ०७ | २१३१५८/०७५/०७६ २०७६।०१।०३ | कम्पनी रजिष्ट्रारको कार्यालय | ३०३४५०७७७ २०६६/०२/२१ | ३५४८९९६४।२२ | ४३३९९५२।६८ |

संचालक / प्रोपाइटर

| नामथर | ठेगाना | ना.प्र.नं./मिति | जिल्ला | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| दिपेन्द्र झा | जलेश्वर ०८ | ३९२३५२८२/२०५२।०३।११ | महोतरी | चन्देश्वर झा | श्रीधर झा |
| सिकेन्द्र कुमार झा | जलेश्वर ०७ | ३९२३६३५३/२०५६।०२।१८ | महोतरी | चन्देश्वर झा | श्रीधर झा |
| अरविन्दझा | जलेश्वर ०७ | ३९२३७०८१/७७२ - २०५८।०६।२३ | महोतरी | चन्देश्वर झा | श्रीधर झा |

**२) कर्जा ग्राहकको नाम :श्री रोशनफर्निचर उधोग (Cs.ID. ९४४९७८)**

| ऋणीको नाम | ठेगाना | दर्ता न र मिति | दर्ता भएको कार्यालय | पान न. र मिति | लगानीमा रहिरहेको रकम | बाँकी व्याज २०८१ मंसिर १ गते सम्मको |
|---|---|---|---|---|---|---|
| रोशनफर्निचर उधोग | जलेश्वर ०१ | १३८३/५१/०५६ २०५६।०९।२१ | घरेलु तथा सानाउद्योग कार्यालय, जलेश्वर | | ४८५००० | ५१८४३ |

संचालक / प्रोपाइटर

| नामथर | ठेगाना | ना.प्र.नं./मिति | जिल्ला | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| शिवशंकर साह | जलेश्वर ०८ | ३९२३४१५८/२०४६।०३।२७ | महोतरी | जिवछ साह | पुलकित साह |

**३) कर्जा ग्राहकको नाम :श्री प्रिति ईम्पोरीयम(Cs.ID. १७१२३५९)**

| ऋणीको नाम | ठेगाना | दर्ता न र मिति | दर्ता भएको कार्यालय | पान न. र मिति | लगानीमा रहिरहेको रकम | बाँकी व्याज २०८१ मंसिर १ गते सम्मको |
|---|---|---|---|---|---|---|
| प्रिति ईम्पोरीयम | जलेश्वर ९ | ४२५२/५७/०७४/०७५ २०७४।०९।२४ | वाणिज्य विभाग | | १८००००० | २३३१९१ |

संचालक / प्रोपाइटर

| नामथर | ठेगाना | ना.प्र.नं./मिति | जिल्ला | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| राम सजन साह | परिकौलि ५ | १८-०१-०१५/९३ (२०६६।०१।१५) | महोतरी | भोला साह | रामलखन साह |

**४) कर्जा ग्राहकको नाम :श्री शान्ती देवी यादव (Cs.ID. ९४४४६६)**

| नाम, थर | ठेगाना | ना.प्र.नं./मिति | जिल्ला | बाबुको नाम | बाजेको नाम | लगानीमा रहिरहेको रकम | बाँकी व्याज २०८१ मंसिर १ गते सम्मको |
|---|---|---|---|---|---|---|---|
| शान्ती देवी यादव | नैन्ही १ हाल जलेश्वर ७ | २५५६ २०३७।०२।१९ | महोतरी | रामनन्दन राय यादव | नथुनी राय यादव | ९००००० | २०५७८३ |

**५) कर्जा ग्राहकको नाम :श्री विश्वनाथपासमान (Cs.ID. ९४५५३९)**

| नाम, थर | ठेगाना | ना.प्र.नं./मिति | जिल्ला | बाबुको नाम | बाजेको नाम | लगानीमा रहिरहेको रकम | बाँकी व्याज २०८१ मंसिर १ गते सम्मको |
|---|---|---|---|---|---|---|---|
| विश्वनाथ पासमान | जलेश्वर २ | ३९२३२१७३ २०३६।०३।१८ | महोतरी | देविया पासमान | दुखवा पासमान | २५०००० | ११७९६५ |

**६) कर्जा ग्राहकको नाम :श्री नथुनी साह (Cs.ID. ९४५६०१)**

| नाम, थर | ठेगाना | ना.प्र.नं./मिति | जिल्ला | बाबुको नाम | बाजेको नाम | लगानीमा रहिरहेको रकम | बाँकी व्याज २०८१ मंसिर १ गते सम्मको |
|---|---|---|---|---|---|---|---|
| नथुनी साह | जलेश्वर १ | ३९२३४१५९ २०४६।०३।२७ | महोतरी | जिवछ साह सोनार | पुलकित साह | ३००००० | ८६५१६ |

Agricultural Development Bank Ltd.
कृषि विकास बैंक लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था)
मधेश प्रदेश, जनकपुरधाम

# महाभियोगपछि निलम्बित दक्षिण कोरियाका राष्ट्रपति पक्राउ

एएफपी

सियोल । अनुसन्धानकर्ताहरुले महाभियोगपछि निलम्बित दक्षिण कोरियाली राष्ट्रपति युन सुक योललाई सरकारविरुद्ध विद्रोह भड्काएको आरोपमा बुधबार पक्राउ गरेको सीएनएनले जनाएको छ ।

"संयुक्त अनुसन्धान मुख्यालयले राष्ट्रपति युनलाई बुधबार बिहान १०:३३ बजे पक्राउ गरेको हो," अल जजिराले बुधबार जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

यदि उहाँमाथिको आरोप प्रमाणित भएमा दक्षिण कोरियाको संविधानअनुसार युनलाई मृत्युदण्ड वा आजीवन कारावासको सजाय हुन सक्छ ।

सीएनएनका अनुसार हप्तौंदेखि प्रहरीले उहाँलाई गिरफ्तार गर्न खोजीरहेको भएपनि राष्ट्रपतिको सुरक्षार्थ खटिएका सेनाको टोलीले उनको निवासको सुरक्षा गरिरहेको र उहाँलाई पक्राउ गर्न अवरोध पनि दुर्भाग्यपूर्ण रक्तपात रोक्न' अनुसन्धानमा सहभागी हुनेछ ।"

अल जजिराका अनुसार समर्थकसहित सयौं मानिस युनको घर बाहिर भेला भएका थिए भने सत्तारुढ कन्जरभेटिभ पार्टी पिपुल पावर पार्टीका सांसद र युनका वकिलको एक समूहले पनि आवासीय परिसरभित्र गिरफ्तारी रोक्न प्रयास गरेका थिए।

सिएनएनका अनुसार प्रहरी र रक्षा मन्त्रालयसँग मिलेर अनुसन्धान गरिरहेको भ्रष्टाचार अनुसन्धान कार्यालय (सीआईओ) ले पहिलो पटक यसै महिनाको सुरुमा उहाँलाई पक्राउ गर्ने प्रयास गरेको थियो तर सैनिक र राष्ट्रपतिको सुरक्षासदस्यहरूले ८० जना प्रहरी र अनुसन्धानकर्ताहरूलाई राष्ट्रपति भवनसम्म पुग्नबाट रोकेपछि यो असफल भएको थियो।

भ्रष्टाचार अनुसन्धान कार्यालयले उहाँलाई बढीमा ४८ घण्टा थुनामा



सिर्जना गरिरहेको थियो ।

अल जजिराका अनुसार पक्राउ पर्नुअघि रेकर्ड गरिएको एक भिडियो सन्देशमा युनले सैनिक शासन लागू गर्न असफल भएको भन्दै सुनुवाईका लागि जाने बताउनुभएको थियो ।

"मैले भ्रष्टाचार अनुसन्धान कार्यालयलाई जवाफ दिने निर्णय गरेँ", युनलाई उद्धृत गर्दै अल जजिराले लेखेको छ, "उहाँले अनुसन्धानको वैधानिकता स्वीकार गर्नुभएको थिएन तर 'कुनै राख्न सक्छ। अल जजिराका अनुसार राष्ट्रपतिलाई हिरासतमा राख्न वारेन्टका लागि निवेदन दिने वा नदिने भन्ने विषयमा उनीहरूले निर्णय गर्नुपर्ने हुन्छ ।

दक्षिण कोरियाको एक अदालतले हालैका हप्ताहरूमा अनुसन्धानकर्ताहरूले सहयोगका लागि अनुरोध गरेको तीन पटकसम्म पेश गर्न असफल भएपछि उहाँविरूद्ध पक्राउ पूर्जी जारी गरेको भ्रष्टाचार अनुसन्धान कार्यालयले जनाएको छ ।

# कुनै हालतमा देश नछोड्ने खानको प्रतिवद्धता, प्रशासनको दबाउने रणनीति

एएफपी

इस्लामावाद । पाकिस्तानका पूर्व प्रधानमन्त्री इमरान खानको पाकिस्तान तेहरिक-ए -इस्साफ (पिटिआई) ले नेता खानलाई चुप राख्नकै निम्ती उहाँविरूद्ध मुद्दा चलाइएको दावी गरेको छ ।

उहाँले यसै महिना १४ वर्षको जेल सजाय सुनाइएको थियो र यसमा उहाँको निर्दोषिताको दावी गर्दै पिटिआईले यो राजनीतिक प्रतिशोधबाट प्रेरित रहेको दावी गरेको छ ।

शक्तिशाली सेनाका लागि लामो समयदेखि निराशाको स्रोत रहेका पूर्वप्रधानमन्त्री सन् २०२३ को अगष्टदेखि हिरासतमा हुनुहुन्छ र उहाँले राजनीतिबाट प्रेरित भएर थुप्रै कानुनी मुद्दाको सामना गरिरहनुभएको छ ।

उहाँले आफ्नी पत्नी अल-कादिर ट्रस्टसँग मिलेर स्थापना गरेको वेलफेयर फाउन्डेसनसँग जोडिएको भ्रष्टाचारसम्बन्धी फैसला ती मुद्दामध्ये सबैभन्दा लामो समयसम्म चलेको मुद्दा हो।

"अल-कादिर ट्रस्टको मुद्दा पनि विगतका घटनाजस्तै मलाई दबाब दिनका लागि मात्र चलाइएको हो तर म यसको तत्काल समाधानको माग गर्दछु," खानले यसै महिना अधिकारीहरूविरुद्ध बारम्बार दिएको बयानमा भन्नुभयो ।

> "अल-कादिर ट्रस्टको मुद्दा पनि विगतका घटनाजस्तै मलाई दबाब दिनका लागि मात्र चलाइएको हो तर म यसको तत्काल समाधानको माग गर्दछु," खानले यसै महिना अधिकारीहरुविरुद्ध बारम्बार दिएको बयानमा भन्नुभयो ।



विश्लेषकहरूका अनुसार सैन्य प्रतिष्ठानले खानविरूद्धका अभियोगलाई खानसँग सौदाबाजीको एक हतियारको रूपमा प्रयोग गरिरहेको छ । खानको लोकप्रियताले गत वर्षको चुनावमा उहाँको पार्टीलाई सत्ताबाट टाढा राख्ने अस्थिर गठबन्धन सरकारलाई कमजोर सावित गरेको छ ।

लण्डनस्थित लेखिका तथा पाकिस्तानी सेनासम्बन्धी विश्लेषक आयशा सिद्दिकाले भन्नुभयो, "संस्थापन पक्षको सम्झौता भनेको उहाँ बाहिर निस्केर चुप लागेर बस्नुहुन्छ वा अर्को चुनावसम्म शान्त र सभ्य रहनुहुन्छ भन्ने हो ।

विश्लेषकहरूका अनुसार सेना पाकिस्तानको राजनीतिमा 'किङमेकर' हो, यद्यपि जनरलहरूले राजनीतिमा प्रत्यक्ष हस्तक्षेप गरेको देखाउन अस्वीकार गर्नेगरेका छन् ।

खानले आफूलाई एक पटक तीन वर्षको विदेश निर्वासनको प्रस्ताव गरिएको र हालै राजधानीको बाहिरी इलाकामा रहेको आफ्नो विशाल घरमा नजरबन्दको सम्भावनाबारे अप्रत्यक्ष रूपमा सम्पर्क गरिएको बताउनुभएको छ ।

खानका कानुनी सल्लाहकार फैजल फरीद चौधरीले एएफपीसँग भन्नुभयो, "हामी ढिलाइबाट अनुमान गर्न सक्छौं कि यो राजनीतिक रूपमा प्रेरित निर्णय हो । यो पूर्वप्रधानमन्त्री खानमाथि 'डेमोकल्सको तरबार' हो।

चौधरीले भन्नुभयो, "यो मुद्दाले आफ्नो विश्वसनीयता गुमाइसकेको छ । नेता खान चुप लागेर बस्ने कुनै पनि सम्झौता स्वीकार गर्नुहुन्न ।"

खानलाई अन्य मुद्दामा चार पटक दोषी ठहर गर्दै सजाय सुनाइसकिएको छ । सर्वोच्च अदालतले दुई वटा मुद्दा उल्टाएको छ भने अन्य दुई मुद्दाको सजाय न्यायालयबाट निलम्बन भएको छ ।

सरकारी दूतहरूले खानको पाकिस्तान पिटिआई पार्टीका नेताहरूलाई तनाव कम गर्न भेट्ने कार्यक्रम तय गरेको दुई दिनपछि भ्रष्टाचार विरोधी 'जवाफदेहीता अदालत'ले शुक्रबार कल्याणकारी फाउन्डेसनको मुद्दामा फैसला र सजाय सुनाउने तयारी गरेको छ ।

पिटिआईले सन् २०२४ को फेब्रुअरीमा भएको चुनावमा धाँधली गरेर गठबन्धनले सत्ता कब्जा गरेको आरोप लगाउँदै यसअघि नै आफ्ना नेताहरूले नाजायज दाबी गर्ने सरकारसँग वार्ता गर्न अस्वीकार गर्ने बताएको थियो ।

उनीहरूले राजनीतिक बन्दीहरूलाई रिहा गरिएमा र पीटीआईको प्रदर्शनमा अधिकारीहरूले कडा प्रतिक्रिया दिएको आरोपको स्वतन्त्र जाँच सुरु गरेमा मात्र वार्तामा भाग लिने बताएका छन् अन्यथा, खानले आफ्नो पार्टीलाई वार्ताबाट हटाउने र नागरिक अवज्ञाको अभियान जारी राख्ने चेतावनी दिनुभएको छ । खानको आन्दोलनले इस्लामाबादलाई बारम्बार ठप्प पारेको छ ।

गत नोभेम्बर २६ मा आफ्ना कम्तीमा १० जना कार्यकर्ताको गोली हानी हत्या गरिएको आरोप पिटिआईले लगाएपछि पछिल्लो प्रदर्शन भड्किएको थियो । सरकारका अनुसार झडपमा परी पाँच जना सुरक्षाकर्मीको मृत्यु भएको छ ।

लाहोर युनिभर्सिटी अफ म्यानेजमेन्ट साइन्सेजकी राजनीतिशास्त्रकी एसोसिएट प्रोफेसर अस्मा फैजले भन्नुभयो, "सरकारले आफुलाई वैध बनाएमा पिटिआई सरकारसँग वार्तामा बस्न सक्ने र यो यसका नेताहरूलाई उनीहरूसँग वार्तामा बस्न पीटीआईको आवश्यकता छ।

फैजले एएफपीसँग भन्नुभयो, "घरेलु र अन्तर्राष्ट्रिय आलोचनालाई शान्त पार्न उनीहरू इमरान खान र उहाँको पार्टीलाई केही राहत दिन चाहन्छन्।"

वासिङ्टनस्थित विल्सन सेन्टरका साउथ एसिया इन्स्टिच्युटका निर्देशक माइकल कुगेलम्यानका अनुसार अहिलेका लागि यो गतिरोध जस्तो देखिन्छ ।

उहाँले भन्नुभयो, "सेना खानलाई जेलबाट छुटाउने सम्झौता गर्न इच्छुक हुन सक्छ, तर खानले आफ्नो स्वतन्त्रताको सम्भावित शर्त स्वीकार गर्नुहुन्न।"

"अर्को समस्या के छ भने सरकार नोभेम्बर २६ को अनुसन्धानका लागि सहमत हुन्छ भन्ने म कल्पना पनि गर्न सक्दिनँ र पिटिआई पनि त्यो मागबाट पछि हट्ने छैन,"उहाँले भन्नुभयो ।

एक कार्यकाल निर्वासनमा रहनु पाकिस्तानमा राजनीतिक नेताहरूको लागि सामान्य देखिन्छ । सेनाको समर्थनभन्दा बाहिर जाने आफूलाई अदालतसमक्ष उभ्याउने नेताहरूले एक वा दुई कार्यकालपछि मात्र सत्तामा फर्कन्छन्।

सन् २०२३ को अन्त्यतिर पाकिस्तान फर्कनुअघि तीन पटक प्रधानमन्त्री बनेका नवाज सरिफले भ्रष्टाचारको अभियोगमा सजायको केही अंश मात्र बिताएका थिए ।

पूर्व र वर्तमान राष्ट्रपति आसिफ अली जरदारी आफ्नो पार्टीलाई जनरलहरूले हप्काएपछि दुबईमा गएका थिए । यी दुवैलाई अहिले सत्तारुढ गठबन्धनको मुख्य योजनाकार मानिन्छ ।

दशकौंको वंशवादी राजनीतिलाई प्रतिस्थापन गर्ने प्रतिज्ञामा आधारित खानको सावधानीपूर्ण राजनीतिका छविका कारण कारण उहाँ निर्वासनमा जान चाहनुहुन्न ।

"म पाकिस्तानमा नै बाँच्नेछु र मर्नेछु", खानले आफ्ना वकिलले जारी गरेको विज्ञप्तिमा भन्नुभएको छ, म मेरो अन्तिम साससम्म मेरो देशको स्वतन्त्रताको लागि लड्नेछु, र म आशा गर्दछु कि मेरो देशले पनि त्यस्तै गर्नेछ।

# गाजा युद्धविराम सम्झौताको 'अन्तिम चरणको तयारी' जारी

एएफपी

दोहा । वार्तामा सहभागी एक कतारी अधिकारीले 'चाँडै' सहमतिमा पुग्ने आशा व्यक्त गरेपछि मध्यस्थकर्ताहरूले गाजा युद्धविराम र बन्धक मुक्त सम्झौतामा हस्ताक्षर गर्न बुधबार अन्तिम प्रयास गरिरहेको बबताएका छन् ।

कतार, इजिप्ट र संयुक्त राज्य अमेरिकाले युद्धविरामका लागि मध्यस्थता गर्ने र सन् २०२३ को अक्टोबर ७ मा इजरायलमाथि हमासले गरेको आक्रमणका क्रममा बन्धक बनाइएका व्यक्तिहरूलाई रिहा गर्ने प्रयासलाई तीव्रता दिएका छन् ।

अमेरिकी राष्ट्रपति जो बाइडेन र उहाँका इजिप्टका समकक्षी अब्देल फतह अल-सिसीले मङ्गलबार टेलिफोन वार्तामा इजरायल र हमास दुवैले सम्झौताका लागि लचकता देखाउनुपर्ने बताएका छन् ।



जानेछ ।"वार्ताबारे जानकार एक इजरायली स्रोतका अनुसार बुधबार दोहामा वार्ता जारी छ । कतारको विदेश मन्त्रालयका प्रवक्ता माजेद अल अन्सारीले वार्ता अन्तिम चरणमा पुगेको र मध्यस्थकर्ताले चाँडै नै सहमतिमा पुऱ्याउने विश्वास व्यक्त गर्नुहुनेछ ।

इजरायलका विदेशमन्त्री गिदोन सारले भन्नुभयो, "हाम्रो तर्फबाट सम्झौताका लागि साँचो इच्छा शक्ति छ ।"

गाजामा अहिलेसम्मकै

> इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले यस सम्झौताबारे छलफल गर्न मङ्गलबार अबेर राति उच्च सुरक्षा अधिकारीसँग बैठक गर्नुभएको थियो भने अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले "बल अब हमासको कोर्टमा रहेको" बताउनुभएको थियो ।

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले यस सम्झौताबारे छलफल गर्न मङ्गलबार अबेर राति उच्च सुरक्षा अधिकारीसँग बैठक गर्नुभएको थियो भने अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले 'बल अब हमासको कोर्टमा रहेको' बताउनुभएको थियो ।

ब्लिन्केनले भन्नुभयो, "यदि हमासले स्वीकार गऱ्यो भने यो सम्झौताले पूर्णता पाउनेछ र कार्यान्वयनको चरणमा सबैभन्दा घातक युद्ध अन्त्य गर्ने महिनौंको असफल प्रयासपछि पछिल्लो प्रगति डोनाल्ड ट्रम्पले अमेरिकी राष्ट्रपतिको रूपमा सपथ लिनुभन्दा केही दिनअघि आएको हो ।

सन् २०२३ अक्टोबर ७ मा हमासले गरेको आक्रमणमा परी एक हजार २१० जनाको मृत्यु भएको थियो ।त्यस दिन लडाकूहरूले २५१ जनालाई बन्धक बनाएका थिए, जसमध्ये ९४ जना अझै गाजामा रहेका छन्, जसमध्ये ३४ जनाको मृत्यु भइसकेको इजरायली सेनाले जनाएको छागाजामा इजरायलले गरेको जवाफी कारबाहीमा ४६ हजार ६४५ जनाको मृत्यु भएको संयुक्त राष्ट्रसङ्घले पुष्टि गरेको छ ।

इजरायली सरकारका प्रवक्ता डेभिड मेन्सरले सम्झौताको पहिलो चरणमा ३३ जना इजरायली बन्धकलाई मुक्त गरिने बताउनुभएको छ भने हमासनिकट दुई प्यालेस्टिनी स्रोतले एएफपीलाई दिएको जानकारीअनुसार इजरायलले बदलामा करिब एक हजार प्यालेस्टिनी कैदीलाई रिहा गर्नेछ ।

'सयौंको संख्यामा इजरायल ठूलो मूल्य चुकाउन तयार छ," मेन्सरले भन्नुभयो। हमासनिकट स्रोतका अनुसार सम्झौताको पहिलो चरणमा ३३ जना इजरायली बन्धकलाई समूहमा रिहा गर्ने उल्लेख छायुद्धविरामको १६ औं दिनमा दोस्रो चरणका लागि वार्ता सुरु हुने इजरायली अधिकारीले बताएका छन् ।

टाइम्स अफ इजरायलका अनुसार दोस्रो चरणमा 'पुरुष सैनिक, सैन्य उमेरका पुरुष र मारिएका बन्धकहरूको शव' सहित बाँकी कैदीहरूको रिहाई हुनेछ।

प्रस्तावित सम्झौताअनुसार इजरायलले पहिलो चरणमा गाजाभित्र सुरक्षित क्षेत्र कायम गर्नेछ ।

हमासले 'स्पष्ट र विस्तृत सम्झौता'को आशा गरेको बताउँदै अन्य प्यालेस्टिनी पक्षलाई पनि 'प्रगति' बारे जानकारी गराएको जनाएको छ ।रासस

# बङ्गलादेशका अन्तरिम नेता युनुसद्वारा "चोरी भएको" अर्बौंको सम्पत्ति फिर्ता गर्न माग

एएफपी

ढाका । बङ्गलादेशका अन्तरिम नेता मोहम्मद युनुसले गत वर्ष क्रान्तिबाट अपदस्थ शेख हसिनाको अपदस्थ सरकारको पालामा भएको भ्रष्टाचारको परिमाणको निन्दा गर्दै 'चोरी भएको' सम्पत्ति फिर्ता गर्न माग गर्नुभएको छ ।

सन् २०२४ को अगष्टमा भएको क्रान्तिबाट भागेर छिमेकी मुलुक भारत पुगेकी ७७ वर्षीया हसिनाले सामूहिक हत्यालगायतका आरोपको सामना गर्न बङ्गलादेशको सुपुर्दगीका लागि गरिएको अनुरोधलाई अस्वीकार गर्नुभएको छ।

युनुसले भन्नुभयो, "अर्बौं डलरको सार्वजनिक कोष चोरीका कारण बङ्गलादेशले ठूलो आर्थिक घाटा बेहोर्नुपरेको छ । चोरी भएको रकम त्यहाँका जनताको हो । न्याय सुनिश्चित गर्न हामी हाम्रा अन्तर्राष्ट्रिय साझेदारहरूसँग सहकार्य जारी राख्नेछौं ।

युनुसले आफूले 'सम्पत्ति फिर्ता हुने' अपेक्षा गरेको बताउँदै चोरी भएको रकमलाई देश र जनताको लुटिएको सम्पत्ति हो भन्नुभएको छ । उहाँले यो बङ्गलादेशका जनतालाई लुटेको मात्र नभई आर्थिक स्थायित्वतर्फको देशको प्रगतिमा धोखा भएको बताउनुभयो ।

बङ्गलादेशको भ्रष्टाचारविरोधी आयोग (एसिसी) ले हसिना र उहाँकी भतिजी, बेलायती सांसद तथा भ्रष्टाचार विरोधी मन्त्री ट्युलिप



सिद्दिकसहित उहाँका परिवारका सदस्यमाथि अनुसन्धान गरिरहेको छ ।

सिद्दिकले मङ्गलबार आफ्नो पदबाट राजीनामा दिए पनि आफूले केही गलत नगरेको भन्दै आफ्नविरूद्धको आरोपको खण्डन गर्नुभएको थियो ।

एसीसीले हसिनाको परिवारमाथि गरेको अनुसन्धान रूसको आर्थिक सहयोगमा सञ्चालित आणविक ऊर्जा प्लान्टसँग जोडिएको पाँच अर्ब अमेरिकी डलरको अनियमितता र राजधानी ढाकाको एक उपनगरमा आकर्षक प्लटको कथित जग्गा हडप्नेसँग योजनासँग जोडिएको छ ।


## Invitation for E-Bids

**Rajdevi Municipality**

**Office of the Municipal Executive**

**Rajdevi, Rautahat**

**Madhesh Pradesh,Nepal**

**Date of first publication: 2081/10/03 (16th Jan 2025)**

1. Rajdevi Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of works mentioned below under National Competitive Bidding procedures. The estimated amount for the works is as mentioned below.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents by visiting PPMO website: www.bolpatra.gov.np/egp.

| S. N. | Contract Id No | Description and Location of work | Estimated Amount inclusive VAT & PS NRs. | Bid Validity Period (Days) | Bid Security Amount (NRs.) | Bid Document Fee(NRs.) | Last date for Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1. | 01/RM/NCB/081-082 | वडा न.१ (झुन्खुन्वा) स्वास्थ्य चौकी देखि बहुअर्वा जाने बाटो तथा वडा न. ७ मुडवलवा मेनरोड देखि पताही जाने बाटो सडक विशेष मर्मत तथा स्तरोन्नति कार्य | 51,42,878.13 | 90 | 1,25,300.00 | 3,000.00 | 2081/11/03 (15th Feb 2025) till 12:00 hours |
| 2. | 02/RM/NCB/081-082 | राजदेवी न.पा. क्षेत्र भित्रका विभिन्न सडक तथा नाला स्तरोन्नति कार्य (वडा न. १,२,३,४,५,६,७,८,९) | 48,59,083.70 | 90 | 1,18,500.00 | 3,000.00 | 2081/11/03 (15th Feb 2025) till 12:00 hours |
| 3. | 03/RM/NCB/081-082 | चण्डीयामा विद्यालय भवन निर्माण | 58,24,292.84 | 90 | 1,45,000.00 | 3,000.00 | 2081/11/03 (15th Feb 2025) till 12:00 hours |

**Information to deposit the cost of bidding document in Bank:**

**Name of the Bank:** Nepal Bank Limited, Rajdevi Branch,Rautahat

**Name of Office:** Rajdevi Municipality, Rajdevi, Rautahat Office Code no. : 801022015

**Office Account no.:** 26203000001001000001, **Rajaswa (revenue) Shirshak no. :** 14229

**Chief Administrative Officer**

# लुम्बिनी विकास बैंक लिमिटेडको तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०८१/१०/०३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस लुम्बिनी विकास बैंक लिमिटेडका विभिन्न शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनुपर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा विभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृया द्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु २२ (बाइसौं) दिन (बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन बैंक विदा परेमा विदाको लगतै बैंक खुलेको दिनमा बोलपत्र बुझाउने/खोलिने हुँदा) तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको अधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैंकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

## तपसिल

**क.सं. १.**

**ऋणीको विवरण**

**नाम : जय एन.एस.रियल स्टेट प्रा.लि.**
दर्ता कार्यालय : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय
दर्ता नं. : २६७०९८/०७८/०७९, दर्ता मिति : २०७८/०४/२२
कार्यालय ठेगाना : लालबन्दि - १७, सर्लाही
**संचालक तथा शेयरधनी : राकेश थापा, शाखा कार्यालय : लालबन्दी**

**ब्यक्तिगत जमानत दिनेको विवरण**

**१. नाम : राकेश थापा**
बाबुको नाम : शंकर वहादुर थापा
बाजेको नाम : मदन बहादुर थापा
ठेगाना : रानिगंज - ५, सर्लाही
हाल : लालबन्दि - १७, सर्लाही
ना.प्र.प.नं. : ७८२३०९२८
जि.प्र.का. सर्लाही
जारी मिति : २०६३/०३/०५

**२. नाम : निशाना पाण्डे**
पतिको नाम : राकेश थापा
ससुराको नामः शंकर वहादुर थापा
ठेगाना : मधुमल्ला - ६, मोरङ
हाल : लालबन्दि - १७, सर्लाही
ना.प्र.प.नं. : ०५२०४३/११६९२
जि.प्र.का. मोरङ
जारी मिति : २०६८/०२/३०

**धितोको विवरण**

जय एन.एस.रियल स्टेट प्रा.लि. को नाममा मालपोत कार्यालय हरिवनमा दर्ता रहेको जब्दि - ९ झ, सर्लाही स्थित कित्ता नं. १५४७ र २६० को क्षेत्रफल क्रमशः ०-०-३-० र १-०-०-० को जग्गा, सोमा बनेको घर तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

**क.सं. २.**

**ऋणीको विवरण**

**नाम : मोहम्मद सहवुव**
बाबुको नाम : शेष अबदुल्लाह
बाजेको नाम : शेख अलिबकस
ठेगाना : गम्हरिया पर्सा -५, रौतहट
हाल : गढीमाई -३, रौतहट
ना.प्र.प.नं. : २३३१, जि.प्र.का. रौतहट
जारी मिति : २०६२/०८/१४
**शाखा कार्यालय : चन्द्रनिगाहपुर**

**ब्यक्तिगत जमानत दिनेको विवरण**

**नाम : कलिमा खातुन**
ससुराको नाम : शेष अबदुल्लाह
पतिको नाम : मोहम्मद सहवुव
ठेगाना : गढीमाई -३, रौतहट
ना.प्र.प.नं. : ३२-०६-७८-०३०४९
जि.प्र.का. रौतहट
जारी मिति : २०७८/०५/२३

**धितोको विवरण**

मोहम्मद सहवुवको नाममा मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता कायम रहेको गम्हरिया -५ क, रौतहट स्थित कित्ता नं. ३९० को क्षेत्रफल ०-१९-० को जग्गा, सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत

**क.सं. ३.**

**ऋणीको विवरण**

**नाम : चौधरी किराना स्टोर्स**
दर्ता कार्यालय : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग
